जेनजी आन्दोलन सम्बन्धित सामग्रीको प्रवृत्तिगत अध्ययन प्रतिवेदन



२०८२ चैत्र

कार्यदल

बालकृष्ण अधिकारी – संयोजक

नकुल अर्याल – सदस्य

लक्ष्मण कार्की – विज्ञ

सविता ढकाल – सचिव

विषयसूची

सारांश १

१. प्रस्तावना २-६

क) प्रेस काउन्सिल नेपाल

ख) नेपालमा पत्रकारिताको विकासक्रम

ग) जेनजी आन्दोलन

२. अध्ययनका क्षेत्र ६

३. छनोट भएका सञ्चार माध्यम ७-१०

क) गोरखापत्र दैनिक

ख) कान्तिपुर दैनिक

ग) अनलाइनखबर डटकम

घ) रातोपाटी डटकम

ङ) सेतोपाटी डटकम

च) देशसञ्चार डटकम

छ) नेपाल टेलिभिजन

ज) रेडियो कान्तिपुर

झ) सामुदायिक सूचना नेटवर्क (सीआइएन)

ञ) नयाँ पत्रिका दैनिक

ट) दि हिमालयन टाइम्स (अङ्ग्रेजी दैनिक)

ठ) प्राइम टाइम्स टेलिभिजन

४. अनुगमनको उद्देश्य १०

५. पद्धति (Methodology) १०

६. अध्ययनको सीमा १०

७. मूल प्रवृत्तिको अध्ययन तथा विश्लेषण १०-३८

क) घटनापूर्व अर्थात् भदौ २३ गते भन्दा पहिले यस विषयले सञ्चारमाध्यममा पाएको महत्व

ख) भदौ २३ र २४ गतेको अवस्था

ग) भदौ २४ पछिको अवस्था

घ) सञ्चारमाध्यमअनुसार अध्ययनको अवस्था

१. कान्तिपुर दैनिक

२. गोरखापत्र दैनिक

३. नयाँ पत्रिका दैनिक

४. दि हिमालयन टाइम्स दैनिक

५. अनलाइनखबर डटकम

६. सेतोपाटी डटकम

७. रातोपाटी डटकम

८. देशसञ्चार डटकम

९. सामुदायिक सूचना नेटवर्क (सीआइएन)

१०. कान्तिपुर एफएमको (दि हेडलाइनर्स)

११. नेपाल टेलिभिजन साँझ ८ बजेको समाचार बुलेटिन

१२. प्राइम टेलिभिजनको कार्यक्रम जनता जान्न चाहन्छन्

८. जेनजी आन्दोलनको रिपोर्टिङबारे सम्पादकहरूको भोगाइ/अनुभव ३९

९. जेनजी आन्दोलनको उजुरीको विवरण ४२

१०. प्रेस काउन्सिलको भूमिका ४३

११. प्रेस काउन्सिलले के गऱ्यो ? ४४

१२. निष्कर्ष र सुझाव ४५

१३. कार्यदल ४८

१४. सन्दर्भसूची ४८

जेनजी आन्दोलनमा सम्प्रेषित सामग्रीको प्रवृत्तिगत अध्ययन

सारांश

यस अध्ययनले २०८२ साल भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनसँग सम्बन्धित रहेर नेपाली सञ्चारमाध्यमबाट सम्प्रेषित सामग्रीलाई समेटेको छ । जसमा मूलतः जेनजी आन्दोलनपूर्व, आन्दोलनका समयमा र आन्दोलनपछि यससँग सम्बन्धित रिर्पोटिङ् कस्तो रह्यो र आचारसंहिता पालनाको हिसाबले कस्तो देखियो भन्ने विषयमा केन्द्रित रहेर अध्ययन गरिएको छ । यसका लागि दैनिक अखबारहरूबाट कान्तिपुर दैनिक, गोरखापत्र दैनिक, नयाँ पत्रिका दैनिक र दी हिमालयन टाइम्स अंग्रेजी दैनिक, अनलाइनहरूमध्ये अनलाइनखबर, सेतोपाटी, रातोपाटी र देशसञ्चार, रेडियोहरूबाट सामुदायिक सूचना नेटवर्क सीआईएन र रेडियो कान्तिपुर तथा टेलिभिजनहरू मध्येबाट नेपाल टेलिभिजन र प्राइम टेलिभिजनका समाचार बुलेटिन तथा कार्यक्रमलाई नमूना छनोट गरिएको छ । यसका लागि भदौ २० देखि असोज ५ गतेसम्मको अवधिलाई अध्ययनको अवधिका रूपमा लिइएको छ ।

यस क्रममा सम्प्रषित समाचार, सूचना र विचारको प्रवृत्तिगत अध्ययन गरिएको हुँदा यो अध्ययन सङ्ख्यात्मकभन्दा गुणात्मक अध्ययन बढी रहेको छ । अर्थात घटना वा समाचार विशेषभन्दा पनि मूलभुत रूपमा प्रवृत्तिगत अध्ययन रहेको छ । नमुना छनोट गरिएका सञ्चारमाध्यममा प्रकाशित समाचार र कार्यक्रम सुन्ने पढ्ने र हेर्नुका साथै निश्चित प्रश्नावलीको आधारमा रही समाचार र विचारको विश्लेषण गरिएको छ ।

यो अध्ययनको निष्कर्षको रूपमा मूलतः नेपाली सञ्चारमाध्यमले आचारसंहिताको परिपालनामा ध्यान दिएको देखिन्छ । घटनाभन्दा अघिदेखि नै तत्कालिन कारणका रूपमा रहेको नेपालमा दर्ता हुन नआउने सामाजिक सञ्जालमाथि प्रतिवन्ध लगाउने सरकारको निर्णय र यसपछिको सम्भावित परिणामबारे सरकारलाई झकझक्याइरहेको पाइन्छ । जेनजी आन्दोलनको विश्वव्यापी दृष्टान्त प्रस्तुत गरिएको छ भने यो निर्णयमा पुनर्विचार गर्न पनि सरकारलाई समाचार तथा सम्पादकीयमार्फत् जोड दिएको पाइन्छ ।

भदौ २३ र २४ को घटनाका समयमा भने कतिपय सञ्चारमाध्यम अन्योलमा रहेका, अत्तालिएका र बहकिएका पाइन्छ । तत्कालिन घटनाको रिपोर्टिङ गर्ने क्रममा तथ्य जाँचमा चुकेका छन् भने अब के हुन्छ

वा समाधानको बाटो के हो भन्नेमा पनि अपरिपक्व देखिन्छन् । तस्बिर र कतिपय समाचारका शीर्षक छनोट गर्दा हिंसालाई प्रोत्साहन दिने खालका तथा मानिसलाई थप उत्तेजित बनाउने खालका शब्द चयन पनि गरेको पाइन्छ । यो समयमा विभिन्न सामाजिक सञ्जाल र विद्युतीय सञ्चार माध्यम आएको जस्तो अतिरञ्जित र मिथ्या सूचनाले भरिपूर्ण छैनन् त र यस्ता सूचनाहरूको तथ्यजाँच गर्न भने मूलधारका सञ्चारमाध्यम चुकेका छन् । यसको कारणबारे विभिन्न सञ्चारमाध्यमका सम्पादक तथा समाचार प्रमुखहरूका अनुभव पनि यो प्रतिवेदनमा समेटिएको छ ।

१. प्रस्तावना

नेपालको इतिहासमा २०८२ सालको भदौ २३ र २४ गते कहिल्यै नबिर्सने दिनका रूपमा रहन पुगेको छ । भ्रष्टाचार र कुशासनको विरोध तथा सुशासन स्थापनाको माग गर्दै विश्वका विभिन्न देशमा चलिरहेको नवयुवा पुस्ताको प्रदर्शनको राप आउँदै गर्दा नेपालमा दर्ता नभएका सामाजिक सञ्जालमा बन्देज लगाउने सरकारको निर्णय 'आगोमा घ्यू' बन्न पुग्यो । फलतः यी दुई दिनमा आन्दोलनको आगो हुर्हुरी बल्यो र अपुरणीय जनधनको नोक्सानी हुन पुग्यो । यो आन्दोलनले ७६ जनाको मृत्यु र अरबौँ रुपैयाँको नोक्सानी गरायो । यो घाउको डोब बिस्तारै पुरिएला तर खत भने सदाका लागि इतिहासका पाना र जनजनका मनमनमा रहिरहने निश्चित छ । यही आन्दोलनले नयाँ सरकार गठन हुँदै निर्वाचनमार्फत नयाँ जनादेश प्राप्तिमा पुऱ्यायो ।

आन्दोलनको घोषणादेखि समापनसम्म सरकारको कमजोर सुरक्षा रणनीति र सुरक्षा संयन्त्रबिचको आपसी समन्वयमा प्रशस्त चुक देखिए, जुन बेग्लै अध्ययनको विषय हो । तर यो अकल्पनीय र आकस्मिक सङ्कटको घडीमा नेपाली सञ्चारमाध्यमले कस्तो भूमिका निर्वाह गरे, यसको निष्कर्ष र सिकाइ के रह्यो भन्ने मूल उद्देश्यका साथ यो अध्ययन गरिएको हो ।

क) प्रेस काउन्सिल नेपाल

नेपालमा २०१४ सालमा गठित प्रेस कमिसनको प्रतिवेदनका आधारमा २०२४ सालमा प्रेस सल्लाहकार समिति गठन भएको थियो । जसको नाम २०२७ सालमा परिवर्तन गरी प्रेस सल्लाहकार परिषद् राखियो । त्यसपछि छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०१९ को दफा ३० को 'क' बमोजिम २०२७ साल असोज ६ गते प्रेस काउन्सिल नेपालको स्थापना भएको हो । हालको प्रेस काउन्सिल नेपाल

प्रेस काउन्सिल ऐन, २०४८ बमोजिम पत्रकारिताको पेसागत उच्चतम आचरण कायम राखी स्वस्थ, स्वतन्त्र र उत्तरदायी पत्रकारिताको विकास तथा सम्वर्द्धन गर्न अविच्छिन्न उत्तराधिकार एक स्वशासित र सङ्गठित संस्थाको रूपमा गठन भई सञ्चालनमा रहेको छ ।

सञ्चार माध्यमको अनुगमन, मूल्याङ्कन गरी मर्यादित तथा जिम्मेवार बनाउन प्रेस काउन्सिल नेपालको महत्वपूर्ण भूमिका रहेको छ । प्रेस काउन्सिल ऐन, २०४८ बमोजिम पत्रकारिताको पेसागत उच्चतम आचरण कायम राखी स्वस्थ, स्वतन्त्र र उत्तरदायी पत्रकारिताको विकास तथा सम्वर्द्धनका लागि प्रेस काउन्सिलको स्थापना भएको र यसैका लागि क्रियाशील रहेको छ ।

पत्रकार आचारसंहिताको पालनाबाट मर्यादित, जिम्मेवार पत्रकारिताको विकास गर्ने, प्रेस स्वतन्त्रताको संरक्षण सम्वर्द्धन गर्दै पत्रकार आचारसंहिता पालना गर्न उत्प्रेरित गर्नुका साथै नेपाल सरकार र सञ्चार माध्यमका बिच पुलको रूपमा कार्य गर्ने अहम जिम्मेवारी काउन्सिलको रहेको छ । काउन्सिलले पत्रकार आचारसंहिता उल्लङ्घनका विषयमा उजुरी सुन्ने, सोउपर अध्ययन अनुसन्धान गरी आवश्यक कारबाही गर्ने, आचारसंहितासम्बन्धी जागरण अभियान सञ्चालन गर्ने, आमसञ्चार माध्यममा आचारसंहिताको अनुगमन गर्ने, पत्रकारिताको विकासको लागि सरकारलाई सुझाव दिने प्रमुख कार्यहरू गर्दै आएको छ ।

ख) नेपालमा पत्रकारिताको विकासक्रम

जोहानेस गुटेनवर्गले १५औँ शताब्दीमै छापाखानाको आविष्कारसँगै विश्वमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको लहर नै आयो । नेपालमा छापाखानाको प्रवेश राणावंशीय शासनका सूत्रधार प्रधानमन्त्री श्री ३ जंगबहादुर राणासँगै भएको थियो । बेलायत सरकारको निम्तोमा बेलायत भ्रमणमा गएका जंगबहादुरले आफूसँगै छापाखाना ल्याएका थिए । त्यतिखेर गिद्देप्रेसका रूपमा त्यसले चर्चा पाएको थियो । वि.सं. १९१० मा नेपाल अधिराज्यको मुलुकी ऐन यही छापाखानामा छापिएको थियो । वि.सं. १९५० मा पण्डित मोतीकृष्ण शर्माले ठहिटीमा स्थापना गरेको पाशुपत प्रेसलाई फसिकेबमा सारेर मोतीराम भट्ट र पण्डित नरदेव पाण्डेले साहित्यिक र सांस्कृतिक अभियान चलाएका थिए ।

तत्कालीन समयमा भट्ट र पाण्डेको यो अभियानको ठूलो महत्व थियो । यो आफैंमा जागरणको अभियान थियो । वि.सं. १९५५ *सुधा सागर* नेपालमा प्रकाशित भएको पहिलो साहित्यिक पत्रिका थियो ।

जम्मा ११४ दिन प्रधानमन्त्री रहेका देवशमशेरले नेपालमा पहिलो समाचारमूलक पत्रिका *गोर्खापत्र*को प्रकाशन गराएका थिए । वि.सं. १९५८ वैशाख २४ गते सोमबारका दिन *गोर्खापत्र*को पहिलो अङ्क प्रकाशित भएको थियो । देशमा राणातन्त्रविरुद्ध आन्दोलन सुरु भएपछि मुक्ति सेनाका नारदमुनि थुलुङ र जयन्द्रबहादुर थपलियाले २००७ मङ्सिर २९ गते भोजपुर जिल्लामा पहिलोपटक रेडियो फ्रिक्वेन्सीको पहिचान गरे । यही रेडियो फ्रिक्वेन्सीको प्रयोग गरेर २००७ माघ २५ गते विराटनगरको रघुपति जुट मिलबाट क्रान्तिका पक्षमा तारिणीप्रसाद कोइरालाले रेडियो प्रसारण गरेका थिए । भोजपुरमा पहिचान भएको यो रेडियो २००७ फागुन ७ सम्म विराटनगरबाट प्रसारण गरियो । प्रजातन्त्रको स्थापनापछि २००७ चैत २० गते यसलाई काठमाडौं ल्याएर *नेपाल रेडियो*को प्रसारण सुरु भयो ।

२०४२ पुस १४ देखि नेपालमा टेलिभिजन सेवाको प्रारम्भ भयो । *नेपाल टेलिभिजन*को स्थापना र प्रारम्भिक विकास कालमा नीरविक्रम शाहले निकै मेहनत गरेका थिए । नीरविक्रम शाह राजा वीरेन्द्रका भिनाजु कुमार खड्गविक्रम शाहका भाइ भएका कारणले मात्र टेलिभिजनको स्थापनामा सक्रिय भएका थिएनन् । उनी आफैँ कुशल र संवेदनशील कलाकार थिए । यो अर्कै कुरा हो- उनी विवादमुक्त भने थिएनन् । नीरविक्रम शाहले राजा वीरेन्द्रको जन्मोत्सवको अवसर पारेर *नेपाल टेलिभिजन*को प्रसारण गर्ने व्यवस्था मिलाएका थिए जुन अस्वाभाविक थिएन ।

विश्वमा अनलाइन पत्रिका *nado.net* को प्रारम्भ सन् १९९० मा भए पनि नेपालको हकमा समाचारमूलक अनलाइनको प्रारम्भ निकै ढिलो, वि.सं. २०५६ मा मात्रै भएको हो । सन् १९९२ मा अमेरिकाको शिकागो ट्रिब्युनले कागजमा छापिएका समाचार सामग्रीलाई इन्टरनेटमा राखेर पहिलोपटक अनलाइन पत्रकारिताको प्रयोग गरेको थियो । नेपालमा मर्कन्टाइल कर्पोरेसनका सञ्जीव राजभण्डारीले सन् १९९४ मा व्यावसायिक इमेल सेवा प्रारम्भ गरेका हुन् । यही समयमा विश्वप्रसिद्ध समाचार संस्था *रोयटर्स*ले नेपाल राष्ट्र बैंक तथा अन्य संस्थाहरूसम्म आफ्नो पहुँच पुऱ्याइसकेको थियो । यसमा मर्कन्टाइलका राजभण्डारीको पनि उल्लेखनीय योगदान थियो । सन् १९९५ मा नेपाल टेलिकमको सहयोगमा मर्कन्टाइलले सिङ्गापुरबाट विधिवत् रूपमा इन्टरनेट सेवा भित्र्यायो । सन् १९९५ मा *साउथ-एशिया डटकम*मार्फत मर्कन्टाइलले *कान्तिपुर पब्लिकेसन्स प्रा.लि.*को अङ्ग्रेजी दैनिक *द काठमान्डु पोस्ट*लाई आफ्नो साइटमा राखेर अनलाइन पत्रकारिताको प्रारम्भ गरेको थियो । नेपाली भाषाको अर्को अनलाइन भने सन् १९९३ मा अमेरिकामा बस्ने नेपालीहरूले सुरु गरेका थिए ।

२००७ सालमा प्रजातन्त्र स्थापनादेखि २०३६ सालसम्म निजी तथा सरकारी पहलमा पत्रकारिताको विकास भए पनि त्यसले अपेक्षित उन्नति हासिल गर्न सकेन । खासगरी २०४६ सालको राजनीतिक परिवर्तनपछि नेपालमा व्यावसायिक पत्रकारिताको सुरुवात ठोस रूपमा भएको हो भन्न सकिन्छ । २०४८ सालको संविधानमै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको ग्यारेन्टी भएसँगै द्रुततर गतिमा मिडिया विकासको युग सुरु भयो ।

प्रविधिमा आएको छलाङले यसमा अझ सहयोग गऱ्यो । फलतः आज मिडियाको सङ्ख्यात्मक विकासको हिसाबले नेपाल चर्चामा रहन गएको छ । सँगै मिडियाको सङ्ख्यात्मकसँगै गुणात्मक विकासबारे भने गम्भीर बहसहरू हुन आवश्यक रहेको भनेर विज्ञहरूले औंल्याउँदै आएका छन् । छापाबाट सुरु भएको नेपाली मिडिया विद्युतीय, अनलाइन हुँदै डिजिटल युगमा प्रवेश गरेको छ । यससँगै चुनौतीका बग्रेल्ती विषय पनि सतहमा आइरहेका छन् । यदाकदा सञ्चार क्षेत्रले बाटो बिराएको हो कि ? पक्षधरता लिएको हो कि ? यो क्षेत्रको संस्थागत विकासमा ध्यान नपुऱ्याइएको हो कि ? जसले गर्दा क्षमतावान् पुस्तालाई यता आकर्षित गर्न नसकिएको हो कि ? भन्ने प्रश्नहरू मुखरित हुन पुगेका छन् ।

ग) जेनजी आन्दोलन

जेनेरेसन जेड अर्थात् जेनजी एक निश्चित उमेर समूहको युवा हो । सामान्यतः सन् १९९० को दशकको मध्यदेखि सन् २०१० को दशकको सुरुवाती वर्षहरूलाई जेनेरेसन जी पुस्ताको रूपमा निर्धारण गरिएको छ । जसले गर्दा अधिकांश अवस्थामा जेनेरेसन जी शब्दले सामान्यतः सन् १९९७ देखि २०१२ को बिचमा जन्मेकाहरूलाई बुझाउँछ । यो पुस्ता इन्टरनेटमा हुर्किएको पुस्ताका रूपमा पनि चिनिने गरेको छ।

जेनजीले विश्वभरि नै भ्रष्टाचार र नातावादको विरुद्धमा को आन्दोलन चलाएको छ । जुन सामाजिक सञ्जालमा मात्र होइन व्यवहारमा पनि एकदमै परिणाममुखी बन्यो । सन् २०२४ मा बङ्गलादेशमा भएको जेनजीको आन्दोलनले त्यहाँको सत्ता पलट गरिदियो । तत्कालीन प्रधानमन्त्रीले भारतमा शरण लिनुपऱ्यो भने अन्तरिम सरकारले केही समय अघि मात्र त्यहाँ निर्वाचन गराउन सफल भएको छ । यस्तै, इन्डोनेसिया, फिलिपिन्स, टिमोर लिस्ट ए, मालदिभ्सलगायत देशमा जेनजीले सञ्चालन गरेको आन्दोलनले विश्वभरि नै चर्चा पाए । यो आन्दोलनलाई सामाजिक सञ्जालमा नेपो बेबी अर्थात् सत्तारुढ शक्तिमा भएकाहरूका सन्तानको बिलासी जीवनशैलीको विरोधमा पनि केन्द्रित गरिएको थियो । नेपालमा पनि त्यो आन्दोलन भुसको आगोजस्तो भित्र भित्र सल्किँदै गइरहेको थियो । शासकहरूप्रति आम नागरिकको

असन्तुष्टि र घृणाको क्रम बढ्दै जाँदा सामाजिक सञ्जाललाई दर्ता नभई चल्न नदिने भन्ने सरकारको निर्णयले तत्कालीन कारणका रूपमा काम गऱ्यो । फलतः भदौ २३ र २४ को घटना हुन पुग्यो ।

जेनजी आन्दोलन नयाँ पुस्ता (जेनजी)द्वारा न्याय, समानता, पारदर्शिता, वातावरणीय दायित्व र मानवअधिकारका पक्षमा उठाइएको विश्वव्यापी चेतनशील र सक्रिय आन्दोलन हो । यसले पुरानो शासन शैली, सोच संरचना र व्यवहारलाई चुनौती दिन्छ र सकारात्मक परिवर्तनको माग गर्छ ।

यो अध्ययनमा २०८२ साल भदौ २० देखि असोज ५ गतेसम्मको अवधिमा माथि उल्लिखित आमसञ्चार माध्यम (मूलधारका दैनिक पत्रिका, टेलिभिजन, अनलाइन तथा सामाजिक सञ्जाल प्लेटफर्म)मार्फत जेनजी आन्दोलनसँग सम्बन्धित सम्प्रेषित समाचारको अध्ययन, अनुसन्धान, विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

२. अध्ययन क्षेत्र

यो अध्ययन निर्धारित समय सीमाभित्र निम्न सञ्चारमाध्यमद्वारा प्रकाशित समाचारहरूको अध्ययनमा केन्द्रित रहेको छ । त्यसका लागि केही राष्ट्रिय दैनिक, अनलाइन, टेलिभिजन र रेडियो छनोट गरिएको छ । जुन निम्न अनुसार छन् ।

अ) राष्ट्रिय दैनिक

क) गोरखापत्र दैनिक

ख) कान्तिपुर दैनिक

ग) नयाँ पत्रिका दैनिक

घ) द हिमालयन दैनिक अङ्ग्रेजी दैनिक

आ) अनलाइन

क) अनलाइनखबर डटकम

ख) सेतोपाटी डटकम

ग) रातोपाटी डटकम

घ) देशसञ्चार डटकम

इ) टेलिभिजन

क) नेपाल टेलिभिजन (बेलुका ८ बजेको बुलेटिन)

ख) प्राइम टेलिभिजनको जनता जान्न चाहन्छन् कार्यक्रम

ई) रेडियो

क) रेडियो कान्तिपुरको दि हेडलाइनर्स

ख) सामुदायिक सूचना नेटवर्क (सीआइएन)को बिहान ६ बजेको समाचार बुलेटिन, साझाखबर ।

३. छनोट भएका सञ्चार माध्यम

प्रेस काउन्सिल नेपालको नजरमा ८०५८ छापा, १२०७ रेडियो, २५२ टेलिभिजन तथा ५१६४ अनलाइन ***(२०८२ फागुन मसान्तसम्म दर्ता भएका)*** सबै आमसञ्चार माध्यम समान हुन् । सबैले प्रकाशन तथा प्रसारण गरेका समाचार, विचार तथा कार्यक्रमहरू काउन्सिलको नियमनमा पर्दछन् । तर सीमित स्रोतसाधन र समयका कारण काउन्सिलले त्यसका घटनाको प्रवृत्तिगत अध्ययन गर्नका लागि केही सीमा निर्धारण गर्नुपर्ने बाध्यता थियो । यही कारण केही मात्र सञ्चारमाध्यमलाई यो अध्ययनमा प्रतिनिधिमूलक तरिकाले समेटिएको छ ।

क) गोरखापत्र दैनिक

१९५८ साल वैशाख २४ गतेदेखि प्रकाशनमा आएको गोर्खापत्र नेपालको पहिलो समाचारमूलक पत्रिका हो । यसको सम्पूर्ण स्वामित्व सरकारमा निहित थियो । सुधारवादी राणा प्रधानमन्त्री मानिने देवशम्सेरको आदेशले पं. नरदेव पाण्डेको जिम्मामा गोर्खा पत्र प्रकाशन हुन्थ्यो । देवशमसेरले नेपाली सेनाका तत्कालीन कर्णेल डिल्लीशम्सेर थापाको सुपरभिजनमा लिथो प्रेस (नेपाली सेनाको प्रेस) र गिद्धे प्रेसबाट छाप्नु भनेर अह्राएको प्रसङ्ग इतिहासमा उल्लेख भएको पाइन्छ । नरदेव पाण्डेलाई सम्पादक नै भनेर नतोकिए पनि सम्पादकको राय छापिने गरेको र त्यहाँ नरदेव पाण्डेले लेख्ने हुनाले उहाँलाई सम्पादक मान्न सकिन्छ । त्यसले प्रकाशन गरेका समाचार राज्य सञ्चालनका दृष्टिकोणमा त्यसलाई कसरी हेरिएको रहेछ । पत्रकार आचारसंहिताको दृष्टिकोणले कस्तो रहेछ भन्ने हेतुले पनि त्यसलाई रोजिएको हो ।

ख) कान्तिपुर दैनिक

२०४६ सालको राजनीतिक परिवर्तनपछि नेपालमा निजी क्षेत्रबाट व्यवसायीकरण सञ्चालन भएको पत्रिका हो । पहुँच र प्रभावका दृष्टिकोणले पनि यसलाई रोजिएको हो । जुन नेपालमा अग्रणी स्थानमा छ । नयाँ पत्रिका दैनिक २०६२/०६३ को आन्दोलनपछि नयाँ सिराबाट प्रकाशन सुरु गरेको पत्रिका हो । त्यसले पहिला र अहिले पनि अन्य दैनिक पत्रिकाहरूले भन्दा आफूलाई अलग रुपमा आफूलाई प्रस्तुत गर्ने जमर्को गर्दै आएको देखिन्छ । साथै एउटा फरक कालखण्डमा सुरु भएकाले त्यसलाई पनि हाम्रो अध्ययनको सीमाभित्र समेट्ने प्रयास गरिएको हो ।

ग) अनलाइनखबर डटकम

दुई दशकदेखि व्यावसायिक डिजिटल सञ्चारमाध्यमका रूपमा स्थापित अनलाइनखबर डटकम स्थापित सञ्चारमाध्यम हो । नेपाली र अङ्ग्रेजी दुवै भाषामा समाचार सामाग्री सम्प्रेषण गर्ने अनलाइनखबर नेपालमा सर्वाधिक हेरिने मध्येको एक सञ्चारमाध्यम हो । अनलाइनखबरका अध्यक्ष धर्मराज भुसाल हुन् भने प्रधान सम्पादक वसन्त बस्नेत हुन् ।

घ) रातोपाटी डटकम

रातोपाटी डटकम तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालको प्रेस सल्लाहकार तथा नेपाल पत्रकार महासंघका महासचिव भएका ओम शर्माले सञ्चालन गर्दै आएको अनलाइन हो । यस कारण पनि यो अनलाइनलाई यो अध्ययनमा समेटिएको हो । यसले अङ्ग्रेजी र हिन्दी भाषामा समेत सामग्री सम्प्रेषण गर्दै आइरहेको छ । यसको सम्पादक जिवेन्द्र सिम्खडा हुन ।

ङ) सेतोपाटी डटकम

पत्रकारितामा दुई दशकभन्दा लामो समय अनुभव भएका पत्रकारहरूले स्थापना गरेको डिजिटल सञ्चारमाध्यमका रूपमा सेतोपाटी रहेको छ । सेतोपाटी आफूलाई पाठकबाहेक कसैप्रति पनि जवाफदेही नरहेको र सत्यलाई जस्ताको तस्तै प्रस्तुत गर्ने मिडियाका रूपमा दाबी गर्दछ । सेतोपाटीका प्रधान सम्पादक अमित ढकाल हुन् ।

च) देशसञ्चार डटकम

विदेशी सञ्चार माध्यममा मात्र होइन स्वदेशी प्रमुख सञ्चार माध्यमको नेतृत्वमा युवराज घिमिरे बसिसकेका छन् । उनै घिमिरे प्रधान सम्पादक रहेर यो आठ वर्षदेखि देशसञ्चार डटकम देश सञ्चार प्रालीद्वारा सञ्चालित छ । आफूलाई कुनै राजनीतिक दल वा दलीय संकीर्णता नरहेको स्वघोषणा गर्ने देश सञ्चारका अध्यक्ष रविकुमार दाहाल हुन् ।

छ) नेपाल टेलिभिजन

सरकारी पूर्ण स्वामित्वको टेलिभिजनका रूपमा २०४१ साल माघ १७ गते सुरु भएको नेपाल टेलिभिजन हाल सार्वजनिक सेवा प्रसारण अन्तर्गत रहेको छ । राष्ट्रिय प्रसारण संस्थाका रूपमा स्थापित नेपाल टेलिभिजनसँग देशका विभिन्न स्थापनमा प्रादेशिक प्रसारण कार्यालयहरू रहेका छन् । सार्वजनिक सेवा प्रसारणको अध्यक्ष डा.महेन्द्र विष्ट रहेका छन् भने नेपाल टेलिभिजनको समाचार प्रमुखका रूपमा पुष्पहरि क्याम्पा राई हुन् ।

ज) रेडियो कान्तिपुर

नेपालको पहिलो व्यावसायिक रेडियोका रूपमा स्थापित कान्तिपुर एफएम साढे दुई दशकभन्दा लामो समयदेखि सञ्चालित छ । कान्तिपुर मिडिया ग्रुपअन्तर्गत सञ्चालित कान्तिपुर एफएमले समाचारमूलक र मनोरञ्जनात्मक कार्यक्रमहरू प्रसारण गर्दै आइरहेको छ । यसका समाचार बुलेटिनसँगै समसामयिक विषयमा केन्द्रित अन्तर्वार्ता कार्यक्रमहरू पनि चर्चामा रहेका छन् । रेडियो कान्तिपुरको समाचार प्रमुख पवन आचार्य हुन् ।

झ) सामुदायिक सूचना नेटवर्क (सीआइएन)

नेपालभरका सामुदायिक रेडियोहरूको छाता संस्था सामुदायिक रेडियो प्रसारक संघद्वारा स्थापित सामुदायिक सूचना नेटवर्कमा तीन सयभन्दा बढी रेडियोहरू आबद्ध छन् । यसले नियमित रूपमा समाचार बुलेटिन र अन्य विविध सूचनामूलक रेडियो कार्यक्रम उत्पादन एवं प्रसारण गर्ने गरेको छ । सामुदायिक सूचना नेटवर्कको सम्पादक लीलाप्रकाश चन्द हुन् ।

ञ) नयाँ पत्रिका दैनिक

माओवादीले दश वर्षे हिंसात्मक आन्दोलन छाडेर शान्ति प्रक्रियामा आएसँगै २०६४ सालबाट यो पत्रिका सुरु भएको हो । फरक आएकार र प्रस्तुतीसँगै सुरु भएको यसले अहिले पनि अन्य दैनिक पत्रिकाको तुलनामा आफुलाई अलग देखाउने प्रयास गरिरहेको छ । यसका प्रधान सम्पादक कृष्णज्वाला देवकोटा हुन्।

ट) दि हिमालयन टाइम्स (अङ्ग्रेजी दैनिक)

साठे दुई दशकभन्दा लामो समयदेखि सञ्चालित दि हिमालयन टाइम्स अङ्ग्रेजी भाषाको दैनिक पत्रिका हो । इन्टरनेशनल मिडिया नेटवर्क नेपाल प्रालीद्वारा सञ्चालित दि हिमालयन टाइम्सको कार्यकारी सम्पादक राजन शर्मा हुन् ।

ठ) प्राइम टाइम्स टेलिभिजन

विगत आठ वर्षदेखि सञ्चालनमा रहेको प्राइम टाइम्स टेलिभिजनका मुख्य सञ्चालक पत्रकार ऋषि धमला हुन् । यस टेलिभिजनले समाचार र मनोरञ्जन दुवै क्षेत्रका सामग्री प्रसारण गर्दै आएको छ । यस टेलिभिजनको प्रधानसम्पादक मुकुन्द दाहाल हुन् ।

४. अध्ययनको उद्देश्य

- जेनजी आन्दोलनको विषयमा सम्प्रेषित समाचारको अध्ययन गर्नु
- यी समाचारमा पत्रकारिताको आचारसंहिता तथा कानुनी प्रावधानको अनुपालना परीक्षण गर्नु
- सञ्चार माध्यमका सामग्रीको गुणस्तर सुधारमा सहयोग पुऱ्याउनु
- समाचारमा गुणस्तर, वस्तुनिष्ठता र सन्तुलन अभिवृद्धि गर्दै सूचनामा नागरिकको पहुँच र विश्वास बढाउनु
- आपतकालिन समयमा पनि व्यवस्थित, नियमित र गुणस्तरीय रिपोर्टिङमा देखिने चुनौतीको अध्ययन गरी सुझाव दिनु

५. अनुसन्धान पद्धति

- सम्बन्धित सञ्चारमाध्यमबाट प्रकाशित प्रसारित सामग्रीको अध्ययन
- प्रश्नावलीको परिधिमा बसेर मिडिया अनुगमन
- सम्पादक/समाचार प्रमुखसँगको कुराकानी

६. अध्ययनको सीमा

समय र सीमित स्रोत यस अध्ययनको मूल सीमा हो ।

७. मूल प्रवृत्तिको अध्ययन तथा विश्लेषण

क) घटनापूर्व अर्थात् भदौ २३ गते पहिला

तत्कालीन सरकारले नेपालमा दर्ता नभएका सामाजिक सञ्जालहरू बन्द गर्ने निर्णय गरेपछि त्यसको चर्को विरोध सुरु भयो । केहीले नियमन आवश्यक रहेको भनेर सरकारी निर्णयको बचाउ गरे पनि धेरैजसोको मत नेपाल जस्तो सानो बजारमा सामाजिक सञ्जालका कम्पनीहरू दर्ता हुन नआउने र सामाजिक सञ्जाल बन्द गरिएमा त्यसले आम मानिसलाई नै प्रभावित गर्ने भएकाले सरकार यो निर्णयबाट पछि हट्नुपर्ने सुझाव दिएको पाइन्छ । कतिपयले चाहिँ यी ठुला कम्पनी भएको हुँदा यसका लागि सरकारले यस्तो कठोर निर्णय गर्नुको साटो कूटनीतिक पहल जारी राख्नुपर्ने सुझाव दिए । सरकारको निर्णयसँगै जनस्तरमा आक्रोश बढ्दै गएको थियो । सरकारी निर्णयलाई लिएर सत्तारुढ दलहरूबाटै विरोध सुरु भएको थियो । त्यसलाई नेपाली सञ्चार माध्यमले महत्वका साथ स्थान दिएको देखिन्छ । सोही बेलामा युवा पुस्तामा बढ्दै गएको असन्तुष्टि रहेका विश्वासका विभिन्न देशहरूमा भइरहेको आन्दोलनहरूलाई पनि सञ्चार माध्यमले उल्लेख गरेको पाइन्छ । त्यसलाई पनि उल्लेख गर्दै सामाजिक सञ्जाल बन्द गर्ने निर्णयले पार्न सक्ने सम्भाव्य असरका विषयहरू उठान गरेको पाइन्छ ।

सञ्चारमाध्यमले जेनजी आन्दोलन घोषणा तथा त्यसैसँग जोडिएको सामाजिक सञ्जालमाथिको प्रतिबन्धसम्बन्धी विषयको उठान गरेको पाइन्छ । अझ अखबार र रेडियोले विशेषरूपमा यो विषयलाई उठाएका छन् । भदौ २० यता नै धेरै सञ्चारमाध्यमले यो समाचारलाई निरन्तर प्राथमिकताका साथ

प्रकाशन प्रसारण गरेका थिए । अझ भदौ २३ गते त सबैजसो (सरकारीबाहेक) मुख्य सञ्चारमाध्यमले मुख्य समाचार जेनजीको आन्दोलनको विषयलाई बनाएका थिए ।

सरकारी स्वामित्वका सञ्चार माध्यम भने त्यस विषयलाई कुनै महत्वपूर्ण स्थान दिएको पाइँदैन । उनीहरूले सरकारका निर्णयकै बचाउ र पुस्ट्याइँ गर्ने खालका सामग्रीको सम्प्रेषणमा केन्द्रित रहेको देखिन्छ । निजी सञ्चारमाध्यमले आम नागरिकमा रहेको निराशा र आक्रोश यो आन्दोलनमा बदलिन सक्ने र विदेशमा जेनजी आन्दोलनको प्रवृत्ति यस्तो यस्तो रहेको भनेर समेत सामग्री प्रकाशन प्रसारण गरेको पाइन्छ । धेरै सञ्चारमाध्यमले सरकारलाई यो निर्णयबाट पछि हट्न दबाब दिँदै समाचार, सम्पादकीय, कार्टून, पाठक पत्र र लेख रचना समेत प्रकाशन गरेको पाइन्छ ।

ख) भदौ २३ र २४ गतेको अवस्था

भदौ २३ गतेका लागि आह्वान गरिएको आन्दोलनका विषयमा अघिल्लो दिन नै अनलाइनहरूमा मनग्य चर्चा भएको थियो । विरोध प्रदर्शनका जिल्ला प्रशासन कार्यालयबाट अनुमति लिएको र मिराज ढुङ्गानासहितका व्यक्तिले दुर्गा प्रसाईंसँग भेट गरेकोजस्ता विषय सञ्चार माध्यम आएका थिए । भदौ २३ गते बिहान प्रकाशित पत्रिका, रेडियोका समाचार बुलेटिनमा मात्र होइन बिहानदेखि नै आन्दोलनका बारेमा अनलाइनहरूले नियमित अपडेट दिइरहेको पाइन्छ ।

भदौ २३ गते नौ बजेदेखि काठमाडौँको माइतीघर मण्डलबाट शान्तिपूर्ण रूपमा सुरु भएको आन्दोलन दिउँसो बानेश्वर पुग्दा २१ जनाको ज्यान जाने परिणत भयो । यही कारण भोलिपल्ट भदौ २४ गते परिस्थिति यस्तो बन्यो जसलाई काबुमा लिन तत्कालीन केपी ओली नेतृत्व सरकार असफल बन्यो । काठमाडौँ उपत्यकासहित प्रमुख सहरहरूमा आगजनी र लुटपाटका घटना भए । त्यस्ता घटनालाई बढोत्तरी हुन नदिन र देशमा शान्ति सुरक्षा अमन चयन कायम गर्ने जिम्मेवारी सरकार र सुरक्षा निकायको मात्र होइन परिस्थिति सामान्य बनाउन र थप जनधनको क्षति हुन नदिन आम सञ्चार माध्यम र पत्रकारहरूको पनि महत्वपूर्ण भूमिका खेल्नुपर्ने विश्वव्यापी मान्यता छ । र आम नागरिकले पनि पत्रकार तथा सञ्चार माध्यमसँग त्यही अपेक्षा गरेका हुन्छन् ।

भदौ २३ र २४ गतेको आन्दोलनमा आमसञ्चार माध्यम र पत्रकारले भन्दा बढी केही युट्युबर जसले आफूलाई पत्रकारसमेत भन्न रुचाउँछन् उनीहरूले प्रदर्शनकारीलाई थप आक्रोशित बनाउन र

अवस्थालाई भड्काउन सक्रिय भए । जनतामा बढ्दो असन्तुष्टिका बिच सामाजिक सञ्जाल बन्द गर्ने सरकारको निर्णयप्रति आक्रामक बनेका नागरिकलाई भदौ २३ गते १९ जनाको ज्यान जानेगरी भएको घटनाले स्वाभाविक रूपमा आक्रोशित बनाएको थियो । त्यसमा पनि आमसञ्चार माध्यम जस्तो देखिने सामाजिक सञ्जालबाट फैलाइएको भ्रमपूर्ण सामग्रीले नागरिकको आक्रोशमा घिउ थप्ने काम गरेको देखिन्छ ।

केही *सोसल मिडिया इन्फ्लुएन्सर*ले भ्रमपूर्ण सामग्री प्रसारण गरेको पाइन्छ । झापाको कन्काई नगरपालिकाका मेयरको घरमा ८० किलो सुन फेला पारेको, सङ्घीय संसद् भवन नयाँ बानेश्वरमा ३२ जना युवाको शव फेला परेकोलगायतका मिथ्या सूचना २३ गते नै फैलाएका थिए । यस्तै केही नेता पिटिएको भन्ने अफवाह पनि त्यस बेला फैलाइएको पाइन्छ ।

तर अपवाद बाहेक आमसञ्चार माध्यमले सजगता अपनाएको र त्यसलाई समाचारका रूपमा सम्प्रेषण गरेको भने पाइँदैन । भदौ २४ गते रवि लामिछानेलाई राखिएको ललितपुरस्थित नख्खु जेल तोड्न जानका लागि उक्साउने काम गरे भने हिलटन होटेल, नेताहरूका होस् वा सरकारी संरचना, नेताका निवास होस् या त सञ्चार माध्यमका कार्यालय तोडफोडका लागि उक्साउने काम पनि त्यस क्रममा भएको देखिन्छ ।

नागरिकमा सरकार, राजनीतिक दलप्रति बढ्दो आक्रोशमा उनीहरूप्रति घृणा फैलाउने कामको परिणाम भदौ २४ गते भएको तोडफोड र आगजनीले मुलुकको भौतिक, सांस्कृतिक, राजनीतिक मात्र होइन देशका महत्वपूर्ण अभिलेखहरूसमेत नष्ट हुन पुगे । शान्तिपूर्ण भनिएको आन्दोलन हिंसात्मक हुन पुग्यो, त्यसको अनुमान र आँकलन आमसञ्चार माध्यम र पत्रकारले पनि गरेका थिएनन् । उनीहरूसँग पनि कुनै पूर्व योजना र तयारी भए जस्तो देखिएन ।

सामान्य प्रदर्शन हुने र त्यसको सर्सती रिपोर्टिङ, केही भक्सपप सङ्कलन गर्ने मात्र तयारी उनीहरूको थियो *(सम्पादकहरूसँगको कुराकानी)* । तर शान्तिपूर्ण रहेको प्रदर्शन बिस्तारै अराजक बन्दै हिंसात्मक बन्न पुगेपछि रिर्पोटिङका लागि पुगेका पत्रकार नै ज्यान जोगाएर भाग्नुपर्ने अवस्था समेत आएको थियो । फोटो खिचिरहेका फोटो पत्रकार हुन् वा समाचार सङ्कलनका लागि पुगेका पत्रकार घाइते भएर अस्पताल नै भर्ना हुनुपऱ्यो । तै पनि धेरैजसो अनलाइनहरूले घटनाको प्रत्यक्ष प्रसारण गरेका थिए ।

प्रहरीले गोली चलाएपछि घाइते भएका तथा निधन भएका व्यक्तिहरूको, उपचारका लागि अस्पतालमा लगिएकाहरूको समाचार प्रकाशन तथा प्रसारण गरेका थिए । त्यस क्रममा कतिपय तस्बिरमा रगताम्य र हृदयविदारक दृश्यसहित आपत्तिजनक शब्दहरू पनि प्रकाशन/प्रसारण हुन पुगेको पाइयो । त्यस क्रममा भने कतिपय सञ्चार गृहहरूले पत्रकार आचारसंहिताको पालना मात्र होइन जिम्मेवारीबोध पनि कम गरेको देखिन्छ । अनपेक्षित घटनापछि पत्रकार र समाचार कक्षले तत्काल के कसरी अघि बढ्ने भन्नेमा केही अन्योल रहेको समाचारहरूमा देखिन्छ । त्यसका अतिरिक्त छिटो गर्ने र छिटो हुने हतारोले कतिपय सञ्चारमाध्यम बहकिएको र जिम्मेवारीबाट केही चुकेको देखिन्छ ।

प्रदर्शनका क्रममा गोली लागेर ढलेका व्यक्तिहरू मात्र रगताम्मे तस्बिरहरू, भिडियोहरू प्रकाशन तथा प्रसारण भएको पाइन्छ भने भोलिपल्ट प्रकाशित पत्रपत्रिकाले अघिल्लो दिनको घटनालाई महत्वका साथ प्रकाशन गरेका थिए । त्यसक्रममा प्रकाशित तस्बिरमा केही सावधानी अपनाउन खोजेको देखिन्छ । समग्रमा सरकारप्रति सञ्चारमाध्यमहरू निकै आक्रामक रूपमा प्रस्तुत भएको देखिन्छ ।

भदौ २४ गते बिहानदेखि अनलाइन, रेडियो, टेलिभिजनले अघिल्लो दिनको घटना र बिहानदेखि सुरु गरेको प्रदर्शनहरूलाई स्थान दिएका थिए । नागरिकमा बढेको असन्तुष्टिलाई आमसञ्चार माध्यमजस्ता देखिने र सामाजिक सञ्जालहरूबाट बिहानदेखि नै नागरिकलाई थप उत्तेजित बनाउने काम भएका थिए । भ्युजका पछि कुद्ने रहर र लहडसँगै मुलुकमा थप अराजकताको अवस्था बढ्दै गएको थियो । त्यसलाई बल पुऱ्याउने गरी अफवाह फैलिए । हतारमा छिटो हुन खोज्दा सञ्चारमाध्यमहरू पटकपटक चुक्न पुगेको देखिन्छ ।

काठमाडौँ उपत्यकासहित देशभरि आगजनी र तोडफोड चल्यो । मन्त्री निवासदेखि राष्ट्रपति कार्यालयसम्म तोडफोड र आगजनी भए । अवस्था नियन्त्रण बाहिर गएपछि केपी शर्मा ओलीले प्रधानमन्त्रीबाट राजीनामा गरे । र, सरकारी निवासबाट हेलिकप्टरबाट बाहिरिने अवस्थामा पुगे । तर, ओली त्यहाँबाट कहाँ गए ? त्यसको यकिन जानकारी सञ्चार माध्यमले त्यसदिन मात्र होइन धेरै पछिसम्म दिन असफल भए । विभिन्न अड्कल र अफवाह चले त्यसका आधारमा ओली विदेश गएको सम्मका समाचार प्रकाशन तथा प्रसारण भएको पाइन्छ ।

ओलीले प्रधानमन्त्रीबाट राजीनामा गरेपछि मुलुक सरकारविहीनताको अवस्थामा पुगेको देखिन्छ । त्यसको असर तथा समाचार कक्षमा स्वाभाविक रूपले परेको देखिन्छ । त्यसक्रममा पत्रकार

आचारसंहिता मात्र संविधान कानुन विधि प्रक्रियासहितका अपरिपक्वता छताछुल्ल भएको पाइन्छ। मूलत: उनीहरू संवैधानिक निकासतिर केन्द्रित भएको पाइएन ।

२३ गते जेनजी पुस्तामाथि प्रहरीले प्रहार गरेको गोली र २४ गते बिहानदेखि नै काठमाडौँ उपत्यकाभित्र सुरु भएको तोडफोड र आगजनीकै क्रममा कान्तिपुर दैनिकले व्यक्ति नै तोकेरै काठमाडौँ महानगरपालिकाका तत्कालीन प्रमुख बालचन्द्र शाहलाई प्रधानमन्त्री बनाऊँ भन्ने सम्पादकीय लेखेको थियो । त्यसले राजनीतिक र तत्कालीन सरकारप्रतिको आक्रोश नेपाली सञ्चार माध्यममा प्रस्टसँग प्रकट भएको थियो ।

त्यस बेलासम्म सामाजिक सञ्जालहरू तत्कालीन मन्त्रीहरू, राजनीतिक दलका नेताहरू तथा सुरक्षाकर्मीलाई सडक र खोलामा समेत लखेटेका भ्रमपूर्ण सूचना, तस्बिर र भिडियोहरू सामाजिक सञ्जालहरू छ्यापछ्यापी हुन पुगेका थिए । यो समयमा मिस इन्फरमेसन र कतिपय अवस्थामा डिस्इन्फर्मेसन पनि सम्प्रेषण भएको पाइयो । अफवाहहरूको तथ्य जाँच भएन ।

अझ सामाजिक सञ्जालमा आएका कतिपय भिडियो र फोटोविना तथ्य जाँच सम्प्रेषण गरियो । आधिकारी सूचना कहाँबाट लिने र कसले दिने भन्ने अन्यौलता मुलुकमा विद्यमान थियो । त्यसको असर सञ्चार माध्यममा नपर्ने कुरै भएन । प्रधानमन्त्री, राष्ट्रपति र अन्य मन्त्रीहरू कहाँ छन् भन्ने मेसो समेत पाउन नसकेको अवस्था रह्यो । सरकारी निवास बालुवाटारबाट तत्कालीन प्रधानमन्त्री ओली नेपाली सेनाको हेलिकप्टरबाट बाहिरिएको दृश्य त आयो तर उनलाई कहाँ राखिएको छ भन्ने समाचार आउन सकेन ।

भैँसेपाटीस्थित सरकारी निवासबाट त्यसैगरी मन्त्रीहरूलाई पनि उठाइएको थियो । तर, उनीहरूलाई कहाँ राखिएको थियो भन्ने यकिन गर्न सञ्चारमाध्यम चुकेका थिए । सरकारी निवासबाट सेनाले उद्धार गरेर भैरवनाथ गणमा अधिकांश मन्त्रीहरूलाई राखिएको तत्कालीन एक मन्त्रीले जानकारी दिए । तर, सञ्चार माध्यममा प्रधानमन्त्रीले मन्त्रिपरिषद् बोलाएको मन्त्रीहरूसँग छलफल गरी रहेको जस्ता समाचारहरू तत्कालीन अवस्थामा सम्प्रेषण भएको देखिन्छ ।

पूर्व प्रधानमन्त्रीसमेत रहेका नेपाली काङ्ग्रेस सभापति शेरबहादुर देउवाका साथै तत्कालीन परराष्ट्रमन्त्री माथि उनकै निवासमा आक्रमण भएको र घरमा आगजनी गरेका दृश्य सञ्चार माध्यममा

सम्प्रेषण भएका थिए । देउवा निवास मात्र होइन राष्ट्रपति रामचन्द्र पौडेल, तत्कालीन प्रधानमन्त्री र गृहमन्त्रीका निवासहरूमा आगजनी भइसकेको थियो ।

त्यहीबेला पूर्वप्रधानमन्त्री झलनाथ खनालको घरमा पनि आगजनी भएको समाचार आयो । त्यससँगै घरमै रहेकी उनकी पत्नी रविलक्ष्मीको निधन भएको खबर बाहिरिएको थियो । त्यो पनि राष्ट्रिय समाचार समिति (रासस)लाई उद्धृत गर्दै । त्यसलाई अन्य सञ्चारमाध्यमले पनि प्रकाशन/प्रसारण गरे । घरमा आगजनीमा परी घाइते भएकी उनको अस्पतालमा उपचार भइरहेको थियो (अहिले उपचारपछि घर फर्किएकी छिन्) । त्यसलाई रासस‌ले केही समयपछि सच्यायो तर देश र विदेशमा प्रकाशन तथा प्रसारण गरेका अन्य सञ्चार माध्यमले खासै ध्यान दिएनन् । जसको प्रभाव अहिले पनि देखिन्छ ।

भदौ २४ गते पछि कतिपय सञ्चार माध्यमथि नै आक्रमण र आगजनी गरिएपछि त्रासको वातावरण झनै बढ्यो । पत्रकारको सुरक्षामाथि पनि प्रश्न उठ्यो । उसो त २३ गते नै पनि केही पत्रकार रिपोर्टिङका क्रममा घाइते भएका थिए । कतिपय सञ्चारमाध्यमको प्रकाशन प्रसारण पनि अवरुद्ध हुन पुग्यो । कान्तिपुर टिभी र कान्तिपुर एफएम तथा इकान्तिपुर डटकम नै बन्द भए । यी सञ्चार संस्थामा कार्यरत पत्रकार र सञ्चारकर्मी कार्यस्थलमै घाइते हुन पुगे ।

नेपाल टेलिभिजनको कार्यालयमा २४ गते साँझ लुटपाट र तोडफोड भयो । सञ्चारमाध्यम प्रदर्शनकारीले कब्जा गर्ने भएपछि दिउँसो ३ बजेपछि केन्द्रीय प्रसारण बन्द भयो । चार दिनसम्म इटहरीस्थित क्षेत्रीय कार्यालयबाट समाचार सम्प्रेषण गर्नुपर्ने अवस्था आयो । यस्ता धेरै कुराले समाचार सम्प्रेषणलाई प्रभावित पारेको पाइयो । कतिपय सञ्चार माध्यम भने यहीबेला क्लिक बेसमा आधारित पत्रकारिता मौलाएको पाइन्छ ।

२४ गते राति १० बजेबाट नेपाली सेना परिचालित भयो । सरकार गठनका लागि उसले सक्रियता लिएको समाचारहरू बाहिर आयो । तर, अन्योल हटेको थिएन । २५ गते अब के हुन्छ ? नयाँ सरकार कसरी बन्छ ? राष्ट्रपतिसहित उच्च पदस्थ अधिकारीहरू कहाँ छन् ? र अवस्था के छ भन्ने चासो सर्वत्र थियो । सञ्चार माध्यम पनि त्यसमै केन्द्रित भए । अपरान्हतिर नेपाल प्रेसले राष्ट्रपतिका प्रेस सहयोगीलाई उद्धृत गर्दै राष्ट्रपति पौडेल सैनिक मुख्यालयमा रहेको र त्यही बसेको समाचार सम्प्रेषण गरेको पाइन्छ । तर, त्यसको केही मिनेटको फरकमा अनलाइनखबर डटकमले स्रोतलाई उल्लेख गर्दै राष्ट्रपति पौडेल भैरवनाथ गणमा रहेको समाचार दियो । भदौ २३ र २४ गतेको अवस्था सामान्य

भइसकेपछि कान्तिपुर दैनिकले भद्रकाली वा भैरवनाथ गण दुवैमा राष्ट्रपति नबसेको आशयसहितको समाचार सम्प्रेषण गरेको थियो ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको नाममा त्यतिबेला नै एक सन्देश आयो । त्यसको तल शिवपुरी उल्लेख गरिएको थियो । तर उनै ओलीले आफू शिवपुरी नभएर हेटौडा आसपासमा बसेको अन्तर्वार्ताका क्रममा उल्लेख गरेका छन् । त्यसो भए शिवपुरी भनेर आएको ओली सन्देश सत्य हो वा झुटो ? न ओलीले खण्डन गरेका छन् न त आमसञ्चार माध्यमले पनि त्यस बारेमा स्पष्ट पार्न सकेको देखिदैन ।

कान्तिपुर दैनिकले तत्कालीन ऊर्जा मन्त्री दीपक खड्का अमेरिका पुगेको समाचार प्रकाशन गऱ्यो । तर, त्यही दिन बिहान उनले निवासमा पत्रकार सम्मेलन गरे । यसले घटनाको सरसरती वर्णन र कतिपय अपुष्ट सूचनालाई समाचारका रूपमा प्रस्तुत गर्ने क्रम बढेको देखाउँछ । जसले गर्दा सामाजिक सञ्जाल र आम सञ्चारमाध्यमको भेद खोट्याउन पनि कतिपय अवस्थामा गाह्रो पर्दा पत्रकार र पत्रकारिताप्रतिको विश्वासलाई कमजोर बनाएको छ ।

ग) भदौ २४ पछिको अवस्था

भदौ २४ गते पछिको रिपोर्टिङमा पनि केही दिन सञ्चारमाध्यम अल्मलिएको जस्तो देखिन्छ । तत्कालै संवैधानिक निकासको बाटोतर्फ लैजाने खालको रिपोर्टिङ आएको पाइँदैन । यस्तै घटनाको विस्तृत खोजमूलक रिपोर्टिङ पनि आएको पाइँदैन । तर विस्तारै केही दिनपछि भने घटनाको विस्तृत विवरण, अभियन्ता तथा इन्फ्लुएन्सरसमेतको भूमिकालगायतका बारेमा विस्तृतमा रिपोर्टिङ हुन थालेको देखिन्छ । नयाँ सरकार गठनपछि नयाँ सरकारलाई अति विश्वास गरी अब सबै निर्वाचनतर्फ केन्द्रित हुनुपर्ने कुरामा सबैजसो सञ्चारमाध्यमको मतैक्य देखिन्छ। परिणाम मुलुकमा निर्वाचन सम्पन्न भएको छ ।

पहिलो महिला प्रधानमन्त्री र उहाँको काँधमा आएको अभूतपूर्व जिम्मेवारीको कुरातर्फ रिपोर्टिङ मोडियो । यो क्रम निर्वाचनको केही अघि मात्र बिबिसी वर्ल्डले तयार पारेको डकुमेन्टी र हिमालखबर डटकमले तयार पारेको भदौ २४ को घटनाको नालीबेलीसम्म पुगेको देखिन्छ । यी दुई सामग्रीले एक एक दिनको मात्र रिपोर्टिङ गरेको भनेर आलोचना हुँदै गर्दा संयोगवश दुवै सामग्री एक दिनकै फरकमा

सँगै प्रकाशन हुनुले दुवै सामग्रीलाई एकसाथ राखेर हेर्न मिल्ने वा हेर्नुपर्ने भन्ने कुरा पनि चर्चाको विषय बन्यो । तर यो घटनाको गहिराइमा पुगेर वस्तुनिष्ठ रिपोर्टिङ अझै पनि हुन बाँकी रहेको मिडिया क्षेत्रका अद्येता र विश्लेषकहरूले बताउँदै आएका छन् ।

घ) सञ्चार माध्यम अनुसार अध्ययनको अवस्था

१. कान्तिपुर दैनिक







भदौ २० गते

भदौ २० गतेको अङ्कमा कान्तिपुर दैनिकले सामाजिक सञ्जाल बन्द बारेको समाचारलाई पहिलो समाचार बनाएको छ । यसका साथै सरकारको यो निर्णयले कन्टेन्ट क्रिएटर चिन्तित हुनुका साथै सत्ता पक्षकै नेताले विरोध गरेको कुरा उल्लेख गरेको छ । यति मात्र होइन यस अङ्कमा कान्तिपुर दैनिकले सम्पादकीय पनि यही विषयमा लेखेको छ र सरकारलाई यो निर्णय फिर्ता लिन सुझाव दिएको छ । संसद्का अन्य धेरै महत्वपूर्ण विधेयक रोकेर यो विषयलाई अघि बढाइएको अर्थात् संसद्को विधेयक म्यूट गरिएको कुराको पनि विरोध गरिएको छ ।

भदौ २१ गते

यो दिनको अङ्कमा पनि कान्तिपुर दैनिकले सामाजिक सञ्जाल बन्द गर्ने विषयलाई प्राथमिकता दिएको छ । यो अङ्कको पहिलो पेजमा क्रमैसँग बन्द गरिँदै सामाजिक सञ्जाल शीर्षकमा समाचार छापिएको छ । जसमा सरकारले सामाजिक सञ्जाल बन्द गराउने तयारी कसरी गरिरहेको छ भन्नेबारे विस्तृतमा उल्लेख गरिएको छ ।

भदौ २२ गते

यस दिनको अङ्कमा पनि कान्तिपुर दैनिकले लगातार सामाजिक सञ्जाल बन्द गर्ने निर्णयको विरुद्धमा समाचार र अन्तर्वार्ता प्रकाशन गरेको छ । दोस्रो पेजमा सरकारको यो निर्णयबारे

सत्तारुढ दलको मौनता र यसले अन्तर्राष्ट्रिय सूचकमा नेपाल खस्कने विषयलाई उठाएको छ । यसै सन्दर्भमा नेपाली कांग्रेसका नेता मीनेन्द्र रिमालसँग वार्ता गरिएको छ, जसको शीर्षक रहेको छ- म्यासेज नबुझी प्यासेन्जरमा आक्रमण । यसका साथै कान्तिपुर दैनिकको यो अङ्कमा सम्पादकलाई चिठी खण्ड पूर्ण रूपमा यही विषयमा केन्द्रित गरिएको छ ।

भदौ २३ गते

यस दिनको कान्तिपुर दैनिकको पहिलो पृष्ठको मुख्य कार्टुन ठुलो आकारमा यही विषयमा । बनाइएको छ । यस्तै मुख्य समाचार पनि सरकारले अन्य धेरै विधेयकलाई थन्क्याएर सामाजिक सञ्जाल नियमनको नाममा बन्द गर्ने कानुन किन बनाइरहेको छ ? भन्ने उल्लेख गरेर समाचार तयार पारेको छ । जसमा १४४ वटा परमादेश अलपत्र रहेको तर सामाजिक सञ्जालको चाहिँ रातारात ल्याइएको कुरा उल्लेख गरिएको छ । यस दिनको कान्तिपुर दैनिकले जेनजीले भ्रष्टाचार र नातावाद नेपो बेबीका नाममा विदेशमा गरेका आन्दोलनहरूमा कहाँ के के भयो ? भइरहेको छ ? भन्नेबारेको समाचारलाई विस्तृतमा प्रकाशन गरेको छ । यसका साथै यस दिनको सम्पादकीय थकित श्लोक होइन नयाँ पुस्तालाई सुनौँ शीर्षकमा प्रकाशन गरी सरकार र सरोकारवालालाई यही दिनबाट जेनजीले आह्वान गरेको आन्दोलनलाई गम्भीरतापूर्वक लिन झकझक्याएको छ । कार्टुन, समाचार, अन्तर्वार्ता र सम्पादकीयमार्फत युवा पुस्ताले उठाइरहेका विषय सुन्न, सुनुवाइ गर्न र सामाजिक सञ्जालमा प्रतिबन्ध लगाउने निर्णय फिर्ता गर्न कान्तिपुर दैनिकले निरन्तर खबरदारी गरेको देखिन्छ ।

भदौ २४ गते

भदौ २३ गतेको आन्दोलनमा सरकारले बल प्रयोग गरे पछि भएको हताहतबारे भदौ २४ गतेको कान्तिपुर दैनिकले ब्यानर न्युज बनाएको छ । जसको शीर्षक रहेको छ- बाहरूको शासन - अस्तित्व र अधिकार खोज्ने छोराछोरीलाई गोलीले भुटेर शान्त पार्ने दुस्साहस । त्यसैगरी यस दिन पहिलो पेजमा विशेष सम्पादकीय प्रकाशन गरेको छ । यस दिनको सिङ्गो कान्तिपुर दैनिक भदौ २३ को आन्दोलन र यसको परिणामका विषयमा केन्द्रित गरिएको छ । फोटो फिचर तथा कान्तिपुरका ७ पत्रकारले के देखे भन्ने कुरा पनि रिपोर्टरको डायरीमा लेखिएको छ । तर यस

क्रममा उत्तेजित बनाउने आक्रामक शब्दहरूको प्रयोग गरिएको छ । यस्तै कतिपय रगत लत्पत्तिएका फोटोहरू पनि प्रकाशन गरिएको छ । यसमा आचारसंहिताको पूर्ण पालनामा चुकेको देखिन्छ । विभिन्न क्षेत्रका मानिसको भनाइ उल्लेख गरिए पनि त्यसमा महिला मधेसी र दलित समुदायबाट प्रतिनिधित्व एकदमै कम मात्र गराइएको छ ।

भदौ २५ गते

भदौ २४ गतेको आगजनी र तोडफोड र त्यसपछिको राजनीतिक शून्यताको अवस्थालाई यस दिनको कान्तिपुरले प्राथमिकता दिएको छ । सेनाले लियो विशेष सुरक्षा कमान्ड शीर्षकमा पहिलो पेजमा समाचार छापिएको छ भने पहिलो पेजमा नै विशेष सम्पादकीय पनि छापिएको छ । कान्तिपुरले अब नयाँ तरिकाले अघि बढ्नुपर्ने कुरालाई जोड दिएको छ । सम्झनाका लागि, कान्तिपुरको अनलाइनले त बालेन शाहलाई प्रधानमन्त्री बनाउनुपर्ने कुरा नै उल्लेख गरेको थियो। कतिपयले यसको विरोध पनि गरे भने कान्तिपुरले संसदबाट निकास निकाल्ने कुरा उल्लेख नगरेकोमा आलोचना पनि गरेको पाहिन्छ । यस दिनको अङ्कमा सार्वजनिक सम्पत्ति जनाएको विषयलाई प्राथमिकता दिइएको छ । २ पेजमा फोटो फिचर प्रकाशन गरिएको छ ।

भदौ २६ गते

भदौ २६ गतेको कान्तिपुर दैनिक समाधान र निकासमा केन्द्रित रहेको पाइन्छ । नयाँ सरकार गठनको सम्भावना बारेको समाचारलाई प्राथमिकता दिइएको यो अङ्कमा विमानस्थल खुलेको बारेको समाचार पनि छ । यस्तै देशलाई शून्यतामा नराख्न आग्रह गरिएको छ । सम्पादकीय र लेख रचनामार्फत पनि समाधानको खोजी गर्न र देशलाई अघि बढाउने कुरामा जोड दिइएकोछ ।

भदौ २७ गते

यस दिन कान्तिपुर संविधानको पक्षमा खुलेर प्रस्तुत भएको छ । यस अघि संविधानभित्रबाट समाधानको खोजी गर्ने कुरालाई कम पहिलो पेजमा विशेष सम्पादकीय संविधानको रक्षा गरे संविधानले रक्षा गर्छ प्रकाशन गरिएको छ । यसअघिका केही दिन अलि बहकिएको जस्तो देखिएको कान्तिपुर दैनिक यो दिनबाट फेरि सम्हालिएको अनुभव गर्न सकिन्छ । संवैधानिक

रूपमा समाधानको खोजीमा केन्द्रित हुन पनि कान्तिपुरको यो दिनका सामग्रीहरूले आग्रह गरेका छन् । यस दिनको कान्तिपुर दैनिकमा आन्दोलनका कारण नेपालमा फुटबल खेल्न आएको बङ्गलादेशी टोली बाँकी खेल नखेली फर्केको प्रसङ्ग उल्लेख गरिएको छ ।

भदौ २८ गते

यस दिनको कान्तिपुर दैनिकमा नयाँ प्रधानमन्त्रीमा सुशीला कार्की नियुक्त भएको विषयलाई पहिलो समाचारका रूपमा प्राथमिकताका साथ उल्लेख गरिएको छ । पहिलो पेजका सबै समाचार नवनियुक्त प्रधानमन्त्रीसँग सम्बन्धित प्रकाशन गरिएको छ । भित्री पेजमा आन्दोलनले ठुलो नोक्सानी बेहोर्न बाध्य उद्यमीको कुरा प्राथमिकताका साथ उल्लेख गरिएको छ । यसले आर्थिक क्षेत्रमा केही भए पनि राहत महसुस गराउने अनुभव गराउन सकिन्छ ।

भदौ २९ गते

भदौ २९ गतेको कान्तिपुर दैनिकमा सिंहदरबार, सर्वोच्च अदालतलगायत सार्वजनिक संस्था र सम्पत्तिमा आगजनी गर्ने तथा आगजनीलाई प्रेरित गर्नेहरूको तस्बिरसहितको समाचार प्रकाशन गरेको छ । यसमा पहिलो पेजको ब्यानर समाचारका साथै दोस्रो पेजमा पनि पुरै यसैसँग सम्बन्धित विस्तृत र खोजमूलक सामग्री तस्बिरसहित प्रकाशन गरिएको छ । यो दिनको कान्तिपुर दैनिक भदौ २४ मा के भएको थियो भन्ने कारणतर्फ मोडिएको पाइन्छ ।

भदौ ३० गते

जेनजी आन्दोलनका क्रममा भदौ २३ र २४ गतेको कारण खोजीतर्फ केन्द्रित भएको कान्तिपुर दैनिकले यस दिन भदौ २३ को घटनापछि पनि राजीनामा नदिन तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले के कस्तो हठ देखाएका थिए भन्ने सामग्री पस्केको छ । के भएको थियो भन्ने कारणतर्फ नै यो दिनको कान्तिपुर दैनिक पनि केन्द्रित रहेको देखिन्छ । अर्कोतिर आन्दोलनको मौका छोपेर लुटपाट गर्न तथा आन्दोलन भड्काउन संलग्नहरूको बारे विस्तृतमा खोजमूलक सामग्री प्रकाशन गरिएको छ । कोही सेलिब्रेटीका नाममा वा कोही अन्य नाममा सामाजिक

सञ्जालमा कसरी आगजनीका लागि मानिसलाई उक्साइरहेका थिए भन्ने सामग्री प्रकाशन गरिएको छ ।

भदौ ३१ गते

यो दिनको कान्तिपुर दैनिकले आन्दोलनको पहिलो दिन अर्थात् भदौ २३ गते ज्यान गुमाएकाहरूमध्ये धेरैजसोको छाती र टाउकोमा गोली लागेको खबरलाई प्रकाशन गरेको छ । यसका साथै डिस्कर्ड एप र डिजिटल क्रान्तिका बारेमा अर्को समाचार प्रकाशन गरिएको छ । पार्टीमा सुधारको कुरा उठाइएको छ भने डेटा सेन्टर र यसको सुरक्षाको कुरा पनि भिन्न भिन्न समाचार र सामग्रीमा चर्चा गरिएको छ । यस दिनको अङ्कमा युवाले डिजिटल प्लेटफर्मलाई कसरी प्रयोग गरिरहेका छन् भन्ने कुराको विस्तृत खोजमूलक सामग्री प्रकाशन गरिएको छ ।

असोज १

यो दिनको कान्तिपुर दैनिकले भदौ २३ र २४ को घटनामा ज्यान गुमाएकाहरूको फोटो राखेर पहिलो पेज नै ढाकेको छ । राष्ट्र रोएको छ किनभने राष्ट्र जागेको छ शीर्षक दिइएको यो सामग्री हेर्दा जो कसैको आँखा रसाउँछ । यो दिनको अङ्कलाई कान्तिपुर दैनिकले जेनजी विद्रोह विशेष बनाएको छ । श्रद्धाञ्जली र अन्तिममा शवयात्राका तस्बिरहरू प्रकाशन गरिएको छ ।

असोज २

असोज २ गतेको कान्तिपुर दैनिकले पहिलो पेजमा ओलीको हठको कुरालाई पुन प्रकाशन गरेको छ । मन्त्री र सुरक्षा प्रमुखसँगको कुराकानीको विषयलाई उल्लेख गरिएको छ । कति बजे के टाइमलाइन नै उल्लेख गरिएको छ भने । लेख र सम्पादकीयमा पुनर्निर्माण कुरा उठाइएको छ ।

असोज ३

संविधान दिवसको दिन पनि रहेको यो दिनको कान्तिपुर दैनिकले संवैधानिक निकासमा जोड दिएको छ । संविधानका विषयवस्तुलाई उठाइएको छ । अब संविधानलाई मानेर अघि बढ्नुपर्नेमा जोड दिइएको छ ।

असोज ४

यो दिन शनिवार । कोसेलीमा विशेषगरी कान्तिपुरले जेनजी आन्दोलनका क्रममा खण्डहर बनेका धरोहर बारेको सामग्री । प्रकाशन गरेको छ । जसमा सिंहदरबार, सर्वोच्च अदालतलगायत जलेका कुन कुन सम्पदा कहिले बनेका थिए, कसरी खण्डहर भए, भन्नेबारेको विस्तृत सामग्री प्रकाशन गरेको छ । यो अङ्क सङ्ग्रहणीय रहेको छ ।

असोज ५

यस दिनको कान्तिपुर दैनिकले जेनजी आन्दोलनमा घुसपैठ भएको कुरालाई उठाएको छ । आन्दोलन केका लागि आह्वान गरिएको थियो तर के के भयो ? कसरी घुसपैठ गरियो भन्नेबारेको सामग्रीले आन्दोलनभित्रको अर्को पाटोको पनि उजागर गरेको छ ।

२. गोरखापत्र दैनिक







भदौ २० गते

गोरखापत्रले सूचीकृत नभएका सामाजिक सञ्जाल निष्क्रिय हुनेबारेको समाचार छापेको छ। जुन मन्त्रिपरिषद्ले गरेको निर्णयमा आधारित छ।

भदौ २१ देखि २३ गतेसम्म

यी ३ दिन गोरखापत्र दैनिकमा जेनजीका माग, आन्दोलन घोषणा वा यससँग सम्बन्धित कुनै समाचार प्रकाशन भएको छैन । २० गते सरकारले गरेको निर्णयबारे जानकारी गराएको गोरखापत्र यी ३ दिनमा यो विषयमा मौन देखिन्छ ।

भदौ २४ गते

गोरखापत्रले जेनजीले आयोजना गरेको आन्दोलनमा सरकारले गरेको बल प्रयोगबाट १९ जनाको निधन भएको समाचारलाई केवल दुई कलमको समाचारमा सीमित गरिदिएको छ । जबकि छानबिन समिति गठनको समाचार चाहिँ ४ कलममा छापिएको छ । पहिलो पेजमा हमालसँग सम्बन्धित समाचार १ कलमको छापिएको छ भने बाँकी सबै समाचार जेनजी आन्दोलनसँग सम्बन्धित रहेका छन् । सम्पादकीय चाहिँ एमालेको विशेष महाधिवेशनबारे छ । लेख रचना पाठकपत्र कुनै पनि जेनजी आन्दोलनसँग सम्बन्धित विषयका छैनन् ।

भदौ २५ गते

गोरखापत्र दैनिकले प्रधानमन्त्रीको राजीनामा स्वीकृत भएको समाचार ब्यानर बनाएको छ । धैर्य र संयम नगुमाउन आग्रह गरिएको सम्पादकीय राखिएको छ भने संवादबाट समाधान खोजौँ, अस्पतालमा घाइतेको भीड, प्रदर्शन हिंसात्मक जनधनको अकल्पनीय क्षति शीर्षकमा समाचार छापिएको छ ।

भदौ २६ गते

गोरखापत्रको पहिलो पेज सामान्य देखिन्छ । निर्णायक वार्ता शान्ति सुरक्षा अपरिहार्य भन्ने सम्पादकीय रहेको छ । तस्बिरहरू प्रकाशनमा गोरखापत्रले खासै ध्यान दिएको देखिँदैन । आगजनी हिंसात्मकजस्ता शब्दको चयन गरिएको छ । यो अवधिमा छापिएका मातृभाषाका संस्करणहरूमा आन्दोलनको कुनै प्रभाव परेको देखिँदैन । वा हिड, दनुवार, अछामी, ताजपुरियालगायत मातृभाषाका प्रकाशनमा यो आन्दोलन र यसपछिको अवस्थाबारे उल्लेख गरिएको छैन ।

भदौ २७ गते

सामान्य कभरेज छ ।

भदौ २८ गते

नयाँ प्रधानमन्त्री नियुक्त भएपछिको अवस्थामा सम्पादकीय र लेखरचनाको पेज अर्थात् विचार पुरै सिफ्ट भएको देखिन्छ । नयाँ सरकार र उसको कामसँग सम्बन्धित लेख रचना र सम्पादकीय प्रकाशन गर्न थालेको देखिन्छ । यस दिन प्रकाशित अछामी भाषाको पेजमा पनि जेनजीसँग सम्बन्धित सामग्रीले स्थान पाउन थालेको देखिन्छ ।

भदौ २९ गते

यस दिनको कभरेज सामान्य खालको रहेको छ ।

भदौ ३० गते

यस दिनको कभरेज सामान्य खालको रहेको छ ।

भदौ ३१ गते

गोरखापत्र दैनिकले जेनजी आन्दोलनको नालीबेली पहिलो पेजमा समेटेको छ । जुन सङ्ग्रहणीय छ ।

असोज १ गते

गोरखापत्र दैनिकले यस दिन जेनजी आन्दोलनमा सहादत प्राप्त गरेका भन्ने शब्द प्रयोग गरिएको छ । त्यस अघिसम्म हिंसात्मक आन्दोलन भनिएको थियो ।

असोज २ गते

सामान्य कभरेज छ ।

असोज ३ गते

गोरखापत्रले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र नेपालका प्रधानमन्त्री सुशीला कार्कीबिच टेलिफोन वार्ता भएको कुरालाई प्रमुख समाचार बनाइएको छ । संविधानको समाचार र पूर्व राष्ट्रपति डा. रामवरण यादवसँगको अन्तर्वार्ता प्रकाशन गरिएको छ ।

असोज ४ गते

गोरखापत्र दैनिकले निर्वाचनसँग सम्बन्धित समाचारलाई प्राथमिकता दिइएको छ । मातृभाषाको पेजहरूमा कुनैमा जेनजी आन्दोलनको विषयलाई समेटिएको छ भने कतिपयमा छैन । बिस्तारै गोरखापत्रले आफूलाई सिफ्ट गरेको देखिन्छ । फोटोलाई प्राथमिकता दिएको छैन । समाचार र लेख रचनामा पनि भदौ २३ सम्म पुरानै सरकारप्रति र नयाँ सरकार बनेपछि त्यसैप्रति नरम र लोयल भएको देखिन्छ ।

३. नयाँ पत्रिका दैनिक







भदौ २० गते

सामाजिक सञ्जालमाथिको प्रतिबन्धको खबर मुख्य खबर । नागरिकको मुख सुन्ने प्रयासमा सरकार । कार्टुनसहितको समाचार ।

भदौ २१ गते

प्रधानमन्त्रीको सचिवालय सञ्जालमै व्यस्त रहेको समाचार पहिलो पृष्ठमा छापेको छ । रिट र मानवअधिकारको विषय पनि जोडिएको छ ।

भदौ २३ गते

ब्यानर समाचार पहिलो पटक सडकमा उत्रिँदै जेनजी । सम्पादकीय टिप्पणी: सञ्जाल बन्दले आर्थिक असर, बन्द नगर्न दबाब । पनि यसबारेमा । रविको जेलबाटै र बालेनको समेत समर्थनको कुरा ।

भदौ २४ गते

पत्रिकाको लेआउट कालो । साङ्केतिक रूपमा शोकको सन्देश दिएको छ । पहिलो पेजमा ब्यानर तस्बिरसहितको समाचार: नरसंहारमा सरकार, १९ युवा मारिए ४२६ घाइते शीर्षकमा राखेको छ। जुन शीर्षक निकै आक्रामक र कडा शब्द चयन गरिएको पाइन्छ । विशेष सम्पादकीय: रगतले पुग्यो महामहिमहरू अब समर्पण गर्नुहोस् । यो शीर्षकमा पनि कडा शब्द चयन पाइन्छ । तर लेखरचना पेज भने सामान्य अवस्थाकै जस्तो रहेको छ । कार्टुनमा तत्कालीन प्रधानमन्त्री देश जल्दै गर्दा पनि बाँसुरी बजाइरहेको बनाइएको छ भने सरकारलाई धिक्कार भनेर व्यङ्ग्य गरिएको छ । जुन दिनको पत्रिका अलि धेरै भावनात्मकरुपले निकै उत्तेजक देखिन्छ ।

भदौ २५ गते

नयाँ पत्रिका दैनिकले उथलपुथल शीर्षकको ब्यानर समाचार प्रकाशन गरेको छ । यस दिन पहिलो दोस्रो, तेस्रो पेजका साथै लेख रचना, पाठकपत्र सबैजसो जेनजी आन्दोलन र सरकारको बल प्रयोगका विषयमा केन्द्रित रहेको छ । सिङ्गो पत्रिका नै जेनजी आन्दोलनका विषयमा केन्द्रित गरिएको छ ।

भदौ २६ गते

नयाँ पत्रिका दैनिक नयाँ सरकार गठनको छलफलमा सेनापति शीर्षको मुख्य खबर छापेको छ । सम्पादकीय टिप्पणी राष्ट्रपति कार्यालय सक्रिय बन भन्ने शीर्षकमा प्रकाशित गरिएको छ भने संसद्भित्रैबाट निकास खोज्नुपर्ने कुरामा जोड दिइएको छ । दलहरूका कुरालाई पनि प्राथमिकता दिइएको छ । सरकारी सेवा प्रवाहको विषयलाई पनि उठाइएको छ ।

भदौ २७ गते

नयाँ पत्रिका दैनिकले अब समाधान उन्मुख अवस्थाको कुरालाई उल्लेख गरेको छ । कार्की नेतृत्वमा आज नागरिक सरकार शीर्षकको समाचार छ भने संविधानविद्हरूको भनाइलाई उल्लेख गरिएको छ । यस्तै प्रमुख दलहरूको धारणा समेटिएको छ । यसै गरी हताहतको कारण खोजी गरिएको छ भने अग्रलेख पनि यसैसँग सम्बन्धित रहेको छ ।

भदौ २८ गते

नयाँ पत्रिका दैनिकमा देश मध्यावधिमा गएको खबरलाई पहिलो बनाइएको छ । शनिवारको दिन भएकाले मुख्य गरी यो दिनको अखबारलाई विद्रोह र आन्दोलन विशेष बनाइएको छ । अभिलेखमा केन्द्रित भएको छ ।

भदौ २९ गते

भदौ २९ गतेको नयाँ पत्रिका दैनिक नयाँ मन्त्रिपरिषद् चयनको विषयलाई उठाइएको छ । जेनजीले यसरी छान्दैछन् मन्त्री । पहिलो पेज सबै यसैमा केन्द्रित रहेको छ ।

भदौ ३० गते

नयाँ पत्रिका दैनिक सामान्य अवस्थाकै देखिन्छ । घटना केन्द्रित अन्य दिनको जस्तै अवस्थामा रहेको पाइन्छ ।

भदौ ३१ गते

यो दिनको नयाँ पत्रिका दैनिक सामान्य अवस्थाकै देखिन्छ । घटना केन्द्रित अन्य दिनको जस्तै अवस्थामा रहेको पाइन्छ ।

असोज १ गते

नयाँ पत्रिका दैनिकले ओलीको हठ नै यो आन्दोलनको मुख्य कारण रहेको उल्लेख गरेको छ । यस्तै यो आन्दोलनमा मारिएकाहरूको शवयात्राका तस्बिरहरूसहित प्रकाशन गरिएको छ ।

असोज २ गते

नयाँ पत्रिका दैनिकले घाइतेहरूको उपचारमा संलग्न भएका डाक्टरहरूको भनाइलाई समेटेको छ, जहाँ डाक्टरहरूले भनेका छन्, गाँजामा त छैनौँ जस्तो लागिरहेको छ ।

असोज ३ गते

नयाँ पत्रिका दैनिकले सरकारबारे प्रश्न गरेको छ । अन्य कुरा सामान्य रिपोर्टिङ समावेश गरिएको छ ।

असोज ४ गते

नयाँ पत्रिका दैनिकले भदौ २४ को घटनाको टाइमलाइन उल्लेख गरेको छ । जसका कारण यो अङ्क अभिलेखजस्तो पनि देखिन्छ ।

४. दि हिमालयन टाइम्स







भदौ २० गते

दि हिमालयन टाइम्सले दर्ता नभएका सामाजिक सञ्जाललाई बन्देज लगाइने खबरलाई प्राथमिकता दिएको छ।

भदौ २१ गते

दि हिमालयन टाइम्समा यसबारेमा कुनै पनि समाचार प्रकाशन गरिएको छैन ।

भदौ २२ गते

दि हिमालयन टाइम्सले यस दिन Frustration mounts amid ban of social media site शीर्षकको समाचारमार्फत झस्काएको छ ।

भदौ २३ गते

भदौ २३ गते दि हिमालयन टाइम्सले सामाजिक सञ्जालमा लगाइएको प्रतिबन्ध र यसको विरोधमा जेनजीले आन्दोलन गर्न लागेको कुरालाई उच्च महत्व दिएको छ । पहिलो पेजमा नै यसबारेका समाचारहरू प्रकाशन गरिएको छ । यसबारेमा सम्पादकीय नै पनि लेखिएको छ ।

भदौ २४ गते

यस दिन दि हिमालयन टाइम्सले गृहमन्त्रीले राजीनामा गरेको विषयलाई हाईलाइट गरेको छ । पहिलो पेजमा पुरै जेनजी आन्दोलनसँग सम्बन्धित समाचारलाई स्थान दिइएको छ भने दोस्रो पेजमा यसैसँग सम्बन्धित फोटो फिचर राखिएको छ । सम्पादकीयसहित बाँकी सबैजसो सामग्री यसै विषयमा केन्द्रित रहेका छन् ।

भदौ २५ गते

जेनजीसँग सम्बन्धित विषयको मुख्य समाचार रहेको छ । तस्बिर सानो छ । सम्पादकीयसहितका अधिकांश समाचार जेनजी आन्दोलनबारेकै छ । दोस्रो पेजमा फोटो फिचर प्रकाशन गरिएको छ । २४ गतेको घटनाको कभरेज गरिएको छ ।

भदौ २६ गते

यस दिन दि हिमालयन टाइम्सले मात्र दुई समाचार छापेको छ पहिलो पेजमा । ती दुवै समाचार जेनजी आन्दोलनसँग सम्बन्धित रहेका छन् । सम्पादकीयमा पनि यही विषयलाई उठाइएको छ भने जेनजी आन्दोलनसम्बन्धी नै आधा पेजको फोटो फिचर पनि छापेको छ ।

भदौ २७ गते

यस दिन दि हिमालयन टाइम्स दैनिकले एकदमै भावुक तस्बिर छापेको छ । जसले तस्बिरमार्फत यो आन्दोलन र त्यसपछिको अवस्थाबारे पाठकलाई थप गम्भीर बनाउँछ ।

भदौ २८ गते

भदौ १३ गतेको दि हिमालयन टाइम्सको अङ्कमा नयाँ प्रधानमन्त्रीमा नियुक्त सुशीला कार्कीको तस्बिरसहितको समाचार छापिएको छ भने परिवर्तनको प्रतिध्वनि (Echo of Changes) शीर्षकमा विशेष परिशिष्ट नै प्रकाशन गरिएको छ । अरू सबै दिन सामान्य खालकै कभरेज गरेको असोज ३ गते दि हिमालयन टाइम्सले यस अङ्कमा भने नयाँ नेपालका शहीदहरू (Martyrs of New Nepal) शीर्षकमा ज्याकेट पेज प्रकाशन गरेको छ । जसमा जेनजी आन्दोलनका क्रममा ज्यान गुमाएकाहरूको तस्बिर राखिएको छ । यसरी यो दैनिकले विशेष परिशिष्ट प्रकाशन, तस्बिरहरूमा विशेष जोड र परिवर्तनको पक्षमा सामग्री सम्प्रेषण गर्नुका साथै जे जी आन्दोलन हुनुअघि पनि सामाजिक सञ्जालमाथिको प्रतिबन्ध लगाउने सरकारी निर्णय र जेनजी आन्दोलनबारे बेलैदेखि समाचार र अन्य सामग्री प्रकाशन प्रसारण गरेको छ ।

५. अनलाइनखबर डटकम

जेनजी आन्दोलनसँग सम्बन्धित समाचार र विचार सम्प्रेषणमा अनलाइनखबरले निकै प्राथमिकता दिएको देखिन्छ । हामीले सर्सती अध्ययन गरेका ९५ समाचारलाई केलाउँदा यसका लागि पत्रकार फिल्डमै खटिएर समाचार, भिडियो, फोटो र फर्किएपछि फिचरहरू प्रशस्त लेखेको पाइन्छ । केही जेनजी समूहकै पत्रकारहरूका बाइलाइन स्टोरी पढ्न र कुराकानी हेर्न सुन्न सकिन्छ । समाचार सम्प्रेषण गर्ने क्रममा बेला बेला अपूर्ण समाचारको सम्प्रेषण गरिएको छ । निकास के हो भन्ने

खालको रिपोर्टिङ केही भए पनि मूलतः घटनाको कभरेजमा केन्द्रित भएको पाइन्छ । समग्रमा यो विषयलाई यस अनलाइनले निकै प्राथमिकता दिएको छ । छिटो हुन खोज्दा अपवादबाहेक आचारसंहिताको पालना नै गरेको देखिन्छ ।

६. सेतोपाटी डटकम

यस अनलाइनले पनि निकै प्राथमिकता दिएको देखिन्छ । टेक्स र भिडियोमार्फत फिल्डको घटना कभरेज गरिएको छ । हामीले अध्ययन गरेका ९२ समाचारलाई हेर्दा मूलतः घटनाप्रधान रिपोर्टिङ गरिएको पाइन्छ भने केही विचार र अन्तर्वार्तालाई पनि स्थान दिइएको छ । संवैधानिक निकासको पाटो र खोजमूलक रिर्पोटिङलाई कम स्थान दिएको देखिन्छ । केही पछिदेखि भने यो अनलाइनले जेनजी आन्दोलनमा ज्यान गुमाएकाहरू बारेको विस्तृत खोजमूलक फिचर स्टोरीहरू प्रकाशन गरी घटनालाई अभिलेखीकरण गर्ने गरेको पाइयो । फोटो र भिडियोमा यो अनलाइनले विशेष ध्यान दिएको पनि पाइयो ।

७. रातोपाटी डटकम

यस अनलाइनले पनि जेनजी आन्दोलनको विषयलाई निकै महत्व दिएको छ । स्थलगत रिपोर्टिङ र फोटोमा विशेष जोड दिएको पाइन्छ । यस अनलाइनका ९० समाचार अध्ययन गर्दा यसले पनि घटनाप्रधान रिपोर्टिङलाई जोड दिएको देखिन्छ । समाधानमूलक रिर्पोटिङको भने अभाव देखिन्छ । केही अन्तर्वार्ता र विचारमार्फत पनि जेनजीको विषयलाई उठाइएको पाइन्छ । केही हेडलाइन शब्द छनोटका हिसाबले अलि चर्को खालका पनि रहेको पाइन्छ ।

८. देशसञ्चार डटकम

अध्ययन गरिएका अन्य तीन अनलाइनभन्दा यस अनलाइनमा जेनजी आन्दोलनसँग सम्बन्धित समाचार केही कम रहेको पाइन्छ । घटना प्रधानका साथै केही विश्लेषणात्मक रिपोर्टिङ यसमा पाइन्छ । ८२ वटा समाचार अध्ययन गर्दा समग्रमा पत्रकार आचारसंहिताको परिपालनामा यो अनलाइन सचेत रहको देखिन्छ । तस्बिरको प्रयोगमा जोड दिएको छ जसले घटनाको यथार्थ देखाउन सहयोग पुगेको पाइन्छ ।

९. सामुदायिक सूचना नेटवर्क (सीआइएन)

सीआईएनको बिहान छ बजेको समाचार बुलेटिन साझाखबर मूलतः त्यसदिन काठमाडौँबाट प्रकाशित हुने दैनिक अखबारमा नै आधारित हुने भएको पाइयो । त्यसकारण साझा खबरको स्वरुप पनि मूलतः अखवारहरुमा आउने खबरमै आधारित हुने गरेको पाइयो , तर यति मात्र नभएर केही आफ्ना कन्टेन्टलाई पनि यो बुलेटिनमा समावेश गर्ने गरिएको पाइन्छ । मूलतः छोटो कुराकानी र केही रेडियो रिपोर्टमार्फत यो घटनाको रिर्पोटिङलाई प्राथमिकता दिइएको पाइन्छ । समाचार प्रस्तुति सन्तुलित र पत्रकार आचारसंहिताको पालनामा निकै सचेत रहेको पाइन्छ ।

१०. कान्तिपुर एफएमको (दि हेडलाइनर्स)

बिहान ७ बजे प्रसारण हुने कार्यक्रम दी हेडलाइनर्स पूर्णतः कुराकानीमा आधारित अर्थात् टक सो हो । भदौ २४ देखि केही दिन प्रसारण बन्द भए पनि प्रसारण नियमित भएको बेलामा यो कार्यक्रममा विषयवस्तु जेनजीसँगै सम्बन्धित रहेको पाइन्छ । तर अतिथि छनोटमा समावेशिता भने पाइँदैन । अधिकांश पुरुष र खस आर्य समुदायका बढी रहेको पाइन्छ । तर विषयवस्तुका हिसाबले भन्दा जेनजी आन्दोलनको राजनीतिक, आर्थिक, सामाजिक सबै पक्षलाई समेटेको पाइन्छ भने जेनजी समूहका व्यक्तिलाई पनि अतिथि बनाइएको छ ।

क्र.सं.	मिति	अतिथि	क्षेत्र/विषय
१.	भदौ २१	प्रदीप ज्ञवाली	राजनीति
२.	भदौ २२	गिरीराजमणि पोखरेल	राजनीति
३.	भदौ २३	मीन विश्वकर्मा	राजनीति
४.	भदौ २४	चरण प्रसाईं मानवअधिकारकर्मी	मानवअधिकार
५.	भदौ २५	*आन्दोलनले स्टुडियोमा क्षति पुगेपछि प्रसारण बन्द*	
६.	भदौ २६	*आन्दोलनले स्टुडियोमा क्षति पुगेपछि प्रसारण बन्द*	
७.	भदौ २७	*आन्दोलनले स्टुडियोमा क्षति पुगेपछि प्रसारण बन्द*	
८.	भदौ २८	गोपालकृष्ण घिमिरे	कानुन
९	भदौ २९	विनायक शाह	होटल व्यवसाय

१०.	भदौ ३०	टीकाराम भट्टराई	कानुन, संविधान
११.	भदौ ३१	रक्षा बम	जेनजी आन्दोलन आयोजक
१२.	असोज १	गोपीनाथ मैनाली	प्रशासन
१३.	असोज २	डा. रमेश पौडेल	राजनीति, विश्लेषण
१४.	असोज ३	गेजा शर्मा वाग्ले	राजनीति, विश्लेषण
१५	असोज ४	विनिता पौडेल	कानुन
१६.	असोज ५	हेमन्त मल्ल	प्रहरी, अपराध

११. नेपाल टेलिभिजन साँझ ८ बजेको बुलेटिन

सार्वजनिक प्रसारण सेवाअन्तर्गत सञ्चालन भए पनि सरकारी छायाँको प्रभाव भने मनग्य पाइन्छ नेपाल टेलिभिजनको समाचार बुलेटिनमा । भदौ २३ अघिको समाचारमा जेनजीका माग, उनीहरूले गर्न लागेको आन्दोलनजस्ता विषयलाई खासै ध्यान दिइएको पाइँदैन। बरु सरकारले गरेको सामाजिक सञ्जाल बन्द गर्ने निर्णयकै बचाउ गरेको पाइन्छ । तर भदौ २३ पछि भने बिस्तारै जेनजी आन्दोलनको विषयलाई विगतभन्दा बढी प्राथमिकतामा राखेको देखिन्छ । आचारसंहिताको परिपालनमा सचेत देखिन्छ । दृश्यको प्रयोगमा पनि नेपाल टेलिभिजन निकै सचेत पाइन्छ । आन्दोलन पछिका केही दिन इटहरीस्थित स्टुडियोबाट समाचार बुलेटिन प्रसारण गरिएको पाइन्छ ।

१२. प्राइम टेलिभिजनको जनता जान्न चाहन्छन्

यो कार्यक्रममा जेनजीको आन्दोलनको विषयलाई महत्वका साथ उठान गरिएको छ । तर यसक्रममा आन्दोलनलाई अति रञ्जित गर्ने वा विषयवस्तुको गाम्भिर्यताको साटो सतही कुरामा केन्द्रित भएकोजस्तो देखिन्छ । कतिपय अतिथि चयन र प्रश्नले अवस्थालाई थप पेचिलो बनाउने खालका पनि देखिन्छ ।

८. जेनजी आन्दोलन सम्बन्धित रिपोर्टिङबारे सम्पादकहरूको भोगाइ/अनुभव

जेनजी आन्दोलनका बेला सञ्चार गृह र सञ्चारमाध्यमले विभिन्न प्रकारका चुनौती सामना गर्नुपरेको थियो । आन्दोलनका क्रममा सूचना प्रवाह अत्यन्त संवेदनशील र राजनीतिक रूपमा प्रभावित भएकाले सञ्चार माध्यममाथि प्रत्यक्ष र अप्रत्यक्ष दबाब बढेको देखिन्थ्यो । स्वतन्त्र रूपमा तथ्य प्रस्तुत गर्न कठिन भयो । त्यसैगरी पत्रकारहरू आफैँ पनि सुरक्षाको दृष्टिले जोखिममा परेका थिए । आन्दोलनका बिचमै रिपोर्टिङ गर्दा उनीहरूलाई धम्की, दुर्व्यवहार वा अवरोध झेल्नुपऱ्यो, जसले काम गर्ने वातावरण असहज बनायो ।

इन्टरनेट अवरोध, सूचना स्रोतहरूसम्म पहुँचको कमी र हल्ला तथा भ्रामक समाचारको तीव्र फैलावटले पनि विश्वसनीय समाचार सङ्कलन र प्रसारणमा चुनौती थप्यो । जेनजी आन्दोलनका क्रममा पत्रकार तथा सञ्चार माध्यमले आचारसंहिताको पालनामा मिश्रित अवस्था देखिएको थियो । एकातर्फ धेरै सञ्चारकर्मीले सत्य, सन्तुलित र प्रमाणमा आधारित समाचार प्रस्तुत गर्ने प्रयास गरेका थिए, आन्दोलनका दुवै पक्षको धारणा समेट्न खोजेका थिए र जिम्मेवार पत्रकारिताको मापदण्ड पालना गर्न खोजेका थिए । तर अर्कोतर्फ तीव्र प्रतिस्पर्धा, छिटो सूचना दिने दबाब र सामाजिक सञ्जालको प्रभावका कारण कतिपय सञ्चारमाध्यमबाट अपुष्ट, एकपक्षीय वा अतिरञ्जित समाचार पनि प्रसारित भएका थिए ।

विशेषगरी अनलाइन प्लेटफर्महरूमा तथ्य जाँच नगरी सामग्री राख्ने, शीर्षकलाई सनसनीपूर्ण बनाउने प्रवृत्ति देखिएको थियो । त्यस्तै केही अवस्थामा पत्रकारहरू स्वयं आन्दोलनको पक्ष वा विपक्षमा झुकेको देखिन्थ्यो जसले निष्पक्षता र वस्तुनिष्ठतामा प्रश्न उठायो । दबाब, असुरक्षा र सीमित पहुँचका कारण पनि आचारसंहिता पूर्ण रूपमा पालना गर्न कठिन भएको थियो । समग्रमा आचारसंहिताको पालनामा प्रयास भए पनि परिस्थितिजन्य दबाब र चुनौतीका कारण पूर्णरूपमा सन्तुलित र जिम्मेवार अभ्यास सबै ठाउँमा कायम रहन सकेको देखिँदैन । साथै सञ्चारमाध्यमहरूले यस प्रकारको आपतकालीन रिपोर्टिङका लागि गर्नुपर्ने जति तयारी नगरेको देखिन्छ । त्यस बेलाको रिपोर्टिङ, न्यूजमरुमको तयारी र अनुभवबारे नेपाल प्रेस काउन्सिलले आयोजना गरेको कार्यक्रममा उपस्थित हुनुभएका विभिन्न सञ्चार माध्यमका प्रधान सम्पादक र सम्पादक समाचार प्रमुखहरूले उठान गरेका विषयवस्तुहरू :

युवराज घिमिरे (प्रधान सम्पादक, देशसञ्चार डटकम)

- आन्दोलनका क्रममा घटना भएको देखिएपनि पुष्टि गर्ने स्रोतको खोजी गरिएको ।
- सडक आन्दोलनको आधिकारिक विवरण सङ्कलनमा समस्या भोगेको ।
- आन्दोलनकारी र सरकारी पक्षले संयमता नअपनाउँदा आन्दोलन उग्र बनेको ।
- तथ्यगत सामग्री सम्प्रेषण गरेको र आन्दोलन भड्किने सामग्रीमा रोकेको ।
- पक्षपात, पूर्वाग्रहको भावना राख्न नहुने कुरामा मिडियाले साझा धारणा र प्रतिवद्धता गर्न आवश्यक।
- जेनजी आन्दोलनको निष्पक्ष छानबिन हुनुपर्ने ।
- प्रेस काउन्सिल नेपालले यस्तो बेलामा साझा मार्गदर्शन अर्थात् कमन गाइडलाइन्स तयार पारेर वितरण गर्न सके धेरै प्रभावकारी हुने ।

जुनारबाबु बस्नेत, प्रधान सम्पादक गोरखापत्र दैनिक

- भदौ २३ गतेको विद्रोह आउनुमा त्योभन्दा अगाडिको अवस्था पनि हो ।
- सरकारप्रति असन्तुष्टि, सामाजिक सञ्जाल बन्द गर्नु आन्दोलनको मुख्य कारण मान्न सकिन्छ ।
- गोरखापत्रले जेनजी आन्दोलनलाई नवपुस्ता विद्रोह भनेर राखेको, शुरुमा भने जेनजी प्रदर्शनमात्र भनेको विस्तारै आन्दोलन र पछि विद्रोह भनेर लेखेको ।
- सञ्चारकर्मीलाई सुरक्षित भएर सकभर घरबाटै काम गर्न भनेको, विराटनगर ब्यूरोमा जान सक्ने अवस्था नभएपछि मोरङको कुनै दक्षिणी गाउँबाट डिजाइनरले पेज डिजाइन गरेर तयार पारी प्रेसमा पठाएको नयाँ अनुभव रह्यो ।
- पत्रिका प्रकाशनमा चुनौती आए पनि साइज घटायौँ तर बन्द भने गरेनौँ ।
- समाचार सामग्रीलाई सत्यको नजिक भएर खोजेको । प्रपोगाण्डा नबनाएर विध्वंसात्मक, जलेको फोटो प्रयोग गरेनौँ
- आचारसंहिताको अधिकतम पालना गरेको ।

पुष्पहरि क्याम्पा राई, निर्देशक तथा समाचार प्रमुख नेपाल टेलिभिजन

- मास मिडिया र सोसल मिडियाको भूमिकाबारे छलफल गरिएको थियो ।

- यही खालको आन्दोलन होला भन्ने आङ्कलन थिएन र त्यसअनुसारको तयारी पनि गरिएको थिएन तर जेनजी आन्दोलनलाई समेट्ने भनेर माइतघिरबाट भक्सपप ल्याउने योजना बनाएर रिर्पोर्टिङमा साथीहरू खटिनुभएको थियो ।
- आन्दोलन चर्कदै गएपछि आन्दोलनलाई शान्त पार्ने खालका सामग्री प्रसारण गरेको ।
- रियल टाइम रिपोर्टिङ गरिएको । इनफरर्मल सोर्सभन्दा पनि फिल्ड रिपोर्टिङमा जोड दिएको तर शब्द र दृश्यमा विशेष सजग बनेर प्रसारण गरेको ।
- समाचारमा ध्वङ्सात्मक, आक्रोशित युवाहरूको जत्थालगायतका शब्द प्रयोग नगरिएको ।
- ड्रोनको प्रयोग गरिएको ।
- २४ गतेको आन्दोलनमा नेपाल टेलिभिजन रहेको भवनमा पनि आगजनी गरिएको स्टुडियोभित्र नै ठुलो नोक्सानी नभए पनि सुरक्षाको कारण र स्टुडियो नियन्त्रणमा लिएर आन्दोलनकारी वा घुसपैठकारीले जे पनि प्रसारण गर्न सक्ने खतरालाई मध्यनजर गर्दै स्टुडियो बन्द गरिएको र क्षेत्रीय प्रसारण केन्द्र इटहरीमार्फत प्रसारण जारी राखेको ।
- दवावकाबीच संयमित भएर काम गर्‍यौं, आचारसंहिता उल्लङ्घन गरेनौं ।

नवराज मैनाली, समाचार संयोजक नयाँ पत्रिका अनलाइन, ब्युरोप्रमुख नयाँ पत्रिका दैनिक

- आन्दोलनका दिन काम गर्न निकै गाह्रो भयो । सहकर्मी फोटो पत्रकारलाई नै गोली लागेपछि झन् तनाब थपियो । तर आफू सुरक्षित भएर काम गर्‍यौं । कतिपय अवस्थामा घरबाटै समाचार बनाएर र आफ्नो बसोबास रहेको क्षेत्रको रिर्पोर्टिमा खटिएर पनि काम गरियो ।
- समग्रमा आन्दोलन शान्त बनाउन नेपाली मिडियाको भूमिका महत्तवपूर्ण रह्यो भन्ने लाग्छ । तर पनि जेनजीका माग आन्दोलन अगाडी सरकारसँग पुर्‍याउन मिडिया चुकेको पनि पाइयो ।
- छ महिनामै चुनावको वातावरण बन्यो र चुनाव शान्तिपूर्ण रूपमा सम्पन्न भयो पनि ।
- मुलधारका मिडिया धेरै संयमित बने भन्ने लाग्छ ।
- केही नगन्य बाहेक पत्रकार आचारसंहिता उल्लङ्घन भएको जस्तो लाग्दैन ।

अनिल बोगटी, समाचार संयोजक रेडियो कान्तिपुर

- कान्तिपुरमा आगजनी र तोडफोड हुँदा असुरक्षित भएर भाग्नुपर्‍यो । नियमित काम गर्न सकेनौं । तीन दिन रेडियोको नियमित प्रसारण नै रोक्नुपर्‍यो । आफू पनि प्रदर्शनकारीको आक्रमणमा परेको।

- डर, त्रासका कारण पत्रकार आचारसंहितातर्फ कम मात्र ध्यान जाने अवस्था थियो ।
- त्यो घटनालाई आन्दोलन, क्रान्ति, विद्रोह वा प्रदर्शन के भन्ने ? भन्ने विषयमै अलमल भयो ।
- जातीय, धार्मिक, सामाजिक सद्भाव बिग्रने समाचार सम्प्रेषण गरेनौं ।
- यो आन्दोलनले नयाँ पुस्ताका सञ्चारकर्मीलाई धेरै कुरा सिकाउनुपर्नेछ ।
- सबैले सच्चिनु र सचेत हुनुपर्छ भन्ने कुराका ज्ञान भएको छ ।
- जनआन्दोलन र जेनजी आन्दोलनलाई हेर्ने दृष्टिकोण छुट्याउनुपर्छ ।
- आन्दोलन गराउने संस्था र कलाकारको नाम जोडेर आए पनि कुनै प्रतिक्रिया आएन ।
- निषेधाज्ञाको बेला प्रेस पास दुरुपयोग भएको पनि सुनियो ।

९. यस अवधिका उजुरीको अवस्था

उजुरीको विस्तृत विवरण

सि.नं.	उजुरीको विवरण	कैफियत
१.	**मनोज केसीविरुद्ध** उकेरा **डटकम** उकेरा डटकमबाट मिति २०८२।०५।२९ गते "आन्दोलन 'भड्काउने' चर्चित टिकटकर मनोज पटके 'अपराधी', प्रहरीमा देखियो हत्या प्रयासदेखिको ७ वटा अपराध" शीर्षक राखी सम्प्रेषित सामग्रीउपर मनोज केसीबाट मिति २०८२ असोज ०५ गते उजुरी दर्ता भएको ।	
२.	**मनोज केसीविरुद्ध नागरिकन्युज डट नागरिकनेटवर्क डटकम** नागरिकन्युज डट नागरिकनेटवर्क डटकमबाट मिति २०८२।०५।३१ गते "संसद् जलेकोमा खुसी मनाउने टिकटकरलाई ७ वटा मुद्दा" शीर्षक राखी सम्प्रेषित सामग्रीउपर मनोज केसीबाट मिति २०८२ असोज ०५ गते उजुरी दर्ता भएको ।	
३.	**बेनामेविरुद्ध पारस मण्डल, आवरप्रदेश डटकम** आवरप्रदेश डटकम (ourpradesh.com) सञ्चालक/प्रधान सम्पादक तपाईं श्री पारस मण्डलले डर, त्रास, धम्की दिइ पेसागत आचरणविपरीत रकम	

	असुल्ने गरेको भनी मिति २०८२ असोज ९ गते बेनामे उजुरी दर्ता भएको ।	
४.	**उपार्जुन चाम्लिङविरुद्ध खबरहब डटकम** खबरहब डटकम (khabarhub.com)बाट मिति २०८२ असोज १० गते 'भदौ २४ को उपत्यका प्रहरी कार्यालयको गाडीमा खुकुरी हानिरहेका थिए जेन-जीका कोशी संयोजक' शीर्षक राखी सम्प्रेषित सामग्रीउपर मिति २०८२ असोज २१ गते उपार्जुन चाम्लिङबाट उजुरी दर्ता भएको ।	
५.	**संजीब दाहालविरुद्ध नेप्लिज टाइम्स डटकम** नेप्लिजटाइम्स डटकमको फेसबुक पेज Nepalese Times बाट "गृहमन्त्रीसँग बार्गेनिङ् गर्ने नक्कली जेनजी पक्राउ" क्याप्सन राखी सम्प्रेषित सामग्रीउपर मिति २०८२ असोज २८ गते संजीव दाहालबाट उजुरी दर्ता भएको ।	
६.	**संजिव कुमार दाहालविरुद्ध दियोपोष्ट डटकम** दियोपोष्ट डटकमबाट मिति २०८२ असोज २ गते "गृहमन्त्रीलाई भेट्न नक्कली जेनजीको लाइनः पूर्वडिएसपीदेखि किर्तेका अभियुक्तसम्म" र २०८२ असोज २३ गते "भन्सारलगायत कार्यालयमा भागबण्डा मागन पुगेका व्यक्ति पक्राउ" शीर्षक राखी सम्प्रेषित सामाग्रीउपर संजीव कुमार दाहालबाट मिति २०८२ असोज २८ गते उजुरी दर्ता भएको ।	
७.	**साइमेक्स इन्क प्रालिविरुद्ध नेपाल हिमालय टाइम्स दैनिक** हिमालय टाइम्स दैनिक र सोको न्युजपोर्टल इहिमालय टाइम्स डटकम (ehimalayatimes.com)बाट मिति २०८२ असोज २३ गते "१६ महिनादेखि राजस्वमा बिवाइडीको कर छली फाइलः नागकि सरकारले अनुसन्धान अघि बढाउने अपेक्षा" शीर्षक राखी सम्प्रेषित सामग्रीउपर साइमेक्स इन्क प्रालिबाट मिति २०८२ कात्तिक २ गते उजुरी दर्ता भएको ।	
८.	**दिपक पौडेलविरुद्ध डनन्युज डटकम** डनन्युज डटकम (donnews.com)बाट मिति २०८२ असोज २३ गते "सुनका	

	गहना चोर्ने एमाले नेता दीपक पौडेलले दिए जेन-जी आन्दोलनकारीहरूलाई खुट्टा भाँच्ने धम्की" शीर्षक राखी सम्प्रेषित सामाग्रीउपर दिपक पौडेलबाट मिति २०८२ कात्तिक ०२ गते उजुरी दर्ता भएको ।	
९.	**विशाल पराजुलीविरुद्ध आवरप्रदेश डटकमको फेसबुक पेज** आवरप्रदेश डटकमको फेसबुक पेजबाट विभिन्न मितिमा सम्प्रेषित सामग्रीउपर विशाल पराजुलीबाट मिति २०८२ कात्तिक १३ गते उजुरी दर्ता भएको ।	
१०.	**सुरेन्द्र श्रेष्ठविरुद्ध अनलाइननेपाल डटकम** अनलाइननेपाल डटकम (onlinenepal.com)बाट मिति २०८२ कात्तिक १० गते "यी हुन् गगन थापाको घर जलाउने ओली निकट एमाले नेता श्रेष्ठ (तस्विरसहित)" शीर्षक राखी सम्प्रेषित सामग्रीउपर सुरेन्द्र श्रेष्ठबाट मिति २०८२ कात्तिक ११ गते उजुरी दर्ता भएको ।	

१०. प्रेस काउन्सिलको भूमिका

यस्तो बेलामा पत्रकार आचारसंहितालगायतका विषयमा प्रेस काउन्सिलको भूमिकाबारे पनि थप बहस आवश्यक देखिन्छ । पत्रकारलाई आवश्यक सूचना, सीप र आचारसंहिताबारे झकझक्याउन तथा साझा गाइडलाइन निर्माण गरी परिपत्र गर्न प्रेस काउन्सिलले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता देखिन्छ । साथै सञ्चारकर्मीलाई उनीहरूको भूमिका, दायित्व तथा पत्रकारिताका आधारभूत सिद्धान्तबारे काउन्सिलले थप तालिम र अभिमुखीकरण गर्नुपर्ने देखिन्छ ।

११. प्रेस काउन्सिलले के गऱ्यो ?

तत्काल २४ गते बैठक बसेको । घाइते पत्रकारको सुरक्षा सतर्कता अपनाउन आह्वान गरेको । कार्यालय खुला राखेर स्वअनुगमनलाई निरन्तरता दिएको थियो । पत्रकारलाई समाचार सङ्कलनका क्रममा सुरक्षा सतर्कता अपनाउन र पत्रकार आचारसंहिताको पालनामा सजग रहन आग्रह गरेको थियो ।

१२. निष्कर्ष र सुझाव

निष्कर्ष

जेनजी आन्दोलनसँग सम्बन्धित समाचार प्रकाशन/प्रसारणको समग्रमा हेर्दा धेरै सञ्चारमाध्यमले कठिन परिस्थितिका बिच पनि पेसागत जिम्मेवारी निभाउने प्रयास गरेका थिए तर तीव्र प्रतिस्पर्धा, छिटो सूचना दिने दबाब र सामाजिक सञ्जालको प्रभावका कारण आचारसंहिताको पूर्णपालन सबै ठाउँमा सम्भव हुन सकेन । कतिपय अवस्थामा अपुष्ट सूचना प्रसारण हुनु, समाचारमा एकपक्षीयता देखिनु तथा शीर्षक र प्रस्तुतिमा सनसनी र हिंसा फैलाउने खालका शब्द र तस्बिर प्रयोग हुनुजस्ता प्रवृत्तिहरू देखिए । आन्दोलनको संवेदनशीलता, सुरक्षा चुनौती र विभिन्न पक्षबाट आएको प्रत्यक्ष/अप्रत्यक्ष दबाबले पनि पत्रकारहरूको निष्पक्षता र स्वतन्त्रतामा प्रभाव पारेको देखियो । सूचना स्रोतको सीमितता र तथ्य जाँचको अभावले विश्वसनीयतामा समेत प्रश्न उठेको देखियो ।

१. समाचार कक्षको जिम्मेवारी (आकस्मिकताको रिपोर्टिङ अभाव)

नेपाली मिडियाले विगतका धेरै विपद् खेप्यो र त्यो बेलामा रिपोर्टिङ गऱ्यो । तर त्यस बेलाको सिकाइ व्यवहारमा लागू गर्न सकेन कि भन्ने अवस्था यसपटकको आन्दोलनमा पनि देखियो। सञ्चार माध्यम समाचार कक्ष र सम्पादन टोली कमजोर हुँदै गएको, एकैखालका समाचार वा एकै न्युज एजेन्सीको समाचारमा भर परेको, तथ्य जाँचको अवस्था कमजोर रहेको, भावनामा बहकिएको र पत्रकारका विचार हाबी भएकोजस्ता अवस्था जेनजी आन्दोलनको रिपोर्टिङमा देखिएता पनि माहौल भने सम्हालिएको छ । आक्रमण सहेर पनि, घरैबाट काम गरेर पनि प्रकाशन प्रसारण गरे ।

२. प्राविधिक सुरक्षा र कमजोर तयारी

प्राविधिक रूपमा पनि सञ्चारमाध्यमहरू बलियो अवस्थामा नरहेको भन्ने कुरा राष्ट्रिय प्रसारण संस्था पीएसबीअन्तर्गतको नेपाल टेलिभिजनको अवस्थाले दर्सायो । यस्तै निजी क्षेत्रको सबैभन्दा बलियो मानिएको कान्तिपुर दैनिकको डेटा बेसको अवस्थाले वेबसाइट नै बन्द गर्नुपर्ने

अवस्था आउनुले देखायो । अन्यले पनि दोस्रो स्टेसन बनाइराख्न पर्ने नेपाल टेलिभिजनको उदाहरणबाट थाहा हुन्छ । ब्याकअप आवश्यक रहेको देखिन्छ ।

३. समाचार कक्षको क्षमता

धेरैजसो समाचार कक्षमा पर्याप्त सम्पादन, तथ्य जाँच, गेट किपिङ्जस्ता कुरामा समाचार कक्ष धेरै नै कमजोर रहेको पाइयो । रिर्पोटिङमा खटिनेदेखि सम्पादनमा खटिने पत्रकारहरुको क्षमतामा सञ्चारगृहले प्राथमिकता दिनुपर्ने आवश्यकता देखिन्छ । के, को, किन, कहिले, कसरी जस्ता पत्रकारिताका आधारभूत कुरादेखि लिएर तथ्यजाँच, फेक र डिपफेक सूचना, तस्बिर र भिडियो चिन्ने क्षमता हरेक समाचारकक्षका पत्रकारका लागि आधारभूत सीप बनिससकेको अवस्थामा नेपाली सञ्चारमाध्यमले आफ्ना समाचारकक्षलाई त्यसैअनुसार अपग्रेड गर्नुपर्ने देखिन्छ।

४. गाइडलाइनको अभाव

यस्ता आन्दोलन वा अन्य विपद्को समयमा पनि रिपोर्टिङ सम्पादन तथा समग्र मिडियाको भूमिका कस्तो हुन्छ वा हुनुपर्छ भन्नेबारे गम्भीर बहस आवश्यक देखिन्छ । यसका लागि साझा धारणा वा गाइडलाइन बनाउन पनि आवश्यक देखिन्छ । तर यसबारे कतै कुनै चर्चा वा डकुमेन्टेसन गरेको पाइएन । केवल हार्ड न्युज कभरेज र क्लिक बेटमा आधारित पत्रकारितामा सीमित हुन पुग्यो । संवैधानिक उपायको खोजी भएको पाइएन । नयाँ सरकार गठन, प्रतिनिधिसभा विघटनजस्ता विषयमा सञ्चारमाध्यमले वैधानिक निकासको बाटोलाई ध्यान नदिएको पाइयो ।

५. प्रेस काउन्सिलको भूमिका थप प्रभावकारी हुनुपर्ने

यस्तो बेलामा पत्रकार आचारसंहितालगायतका विषयमा प्रेस काउन्सिलको भूमिकाबारे पनि थप बहस आवश्यक देखिन्छ । पत्रकारलाई आवश्यक सूचना, सीप र आचारसंहिताबारे झकझक्याउन तथा साझा गाइडलाइन निर्माण गरी परिपत्र गर्न प्रेस काउन्सिलले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता देखिन्छ । साथै सञ्चारकर्मीलाई उनीहरूको भूमिका, दायित्व तथा पत्रकारिताका आधारभूत सिद्धान्तबारे काउन्सिलले थप तालिम र अभिमुखीकरण गर्नुपर्ने देखिन्छ ।

यसप्रकार भविष्यमा पत्रकार आचारसंहिता अझ कडाइका साथ पालन गर्नुपर्ने, तथ्यमा आधारित र सन्तुलित समाचार प्रवाह सुनिश्चित गर्नुपर्ने तथा डिजिटल युगमा जिम्मेवार पत्रकारिता अभ्यासलाई संस्थागत रूपमा सुदृढ बनाउनुपर्ने आवश्यकता देखिन्छ । सञ्चारमाध्यमजस्तै देखिने तर सामाजिक सञ्जालबाट फैल्याएका अफवाहले आमसञ्चार माध्यमप्रतिको जनविश्वासलाई भने कमजोर बनाएको देखिन्छ । त्यसका लागि आमसञ्चार माध्यमले आफूलाई अझ धेरै विश्वसनीय तथा सत्य र तथ्यमा आधारित समाचार सम्प्रेषणमा केन्द्रित हुनुपर्ने देखिन्छ । अपवादबाहेक विगतका आन्दोलनहरूको तुलनामा पत्रकारहरूमा पेसागत सचेतना र नैतिक जिम्मेवारी बढी देखिन्छ ।

सुझाव

यो अवधिमा समग्रमा नेपाली मिडिया क्षेत्र खास गरी मूलधारको मिडिया आचारसंहिताको पालनमा जिम्मेवार नै देखिन्छ । तर केही शीर्षक र तस्बिर छनोटमा हुनुपर्ने जति संवेदनशील नभएको पाइयो । विचारमा एकपक्षीयता हावी भएको र आन्दोलनप्रति सदासयताजस्तो झल्किन्छ भने पुरानो सरकारप्रति आक्रामक रहेको पाइयो भने । सुरुमा केही भड्किएको वा आत्तिएको वा सतही भएकोजस्तो पाइयो । घटनाको सर्सती रिपोर्टिङ र कारणतर्फ मात्र केन्द्रित देखिएको छ । तर फेरि बिराएको बाटो समाएको र केही दिनपछि घटनाको मिहिन अध्ययनतिर लागेको छ । यो घटना पनि भविष्यका लागि ठुलो सिकाइको विषय हुनसक्छ । त्यसैले यसबारे थप अध्ययन गरी लिपिबद्ध गर्न आवश्यक देखिन्छ । यो विषय विश्वविद्यालय र अध्ययन केन्द्रहरूका लागि पनि अध्ययन र अनुसन्धानको विषय हो ।

- जेनजी आन्दोलनजस्तो कुनै पनि आपतकालीन समयको रिर्पोटिङ्का समयका लागि पत्रकार सधैँ तम्तयार भइरहने यसका लागि न्यूजरुम र सञ्चारमाध्यमलाई स्रोतसाधनले भरिपूर्ण बनाउनेबारे सञ्चारमाध्यमहरूले आवश्यक व्यवस्थापन गर्ने ।
- रिर्पोर्टिङमा खटिने पत्रकारका साथै डिजाइनर, क्यामेरापर्सन, भिडिओ सम्पादक, तथ्यजाँच र डेस्क सम्पादकमानव स्रोतलाई सधैँका लागि चनाखो र तयार राख्ने ।
- फ्याक्टचेकलगायत गेट किपिङका अवयवलाई अझ सशक्त र धारिलो बनाउने ।
- पत्रकारलाई आवश्यक तालिमको व्यवस्था गर्ने र थप सिपयुक्त बनाउने ।

- समाचारकक्षलाई मानवीय प्राविधिक रूपमा पनि बलियो बनाउने ।
- सञ्चारमाध्यमले कम्तीमा एउटा अतिरिक्त स्टुडियो, डेटा सेन्टर, सर्भरलगायत तयार गरी राख्ने ।
- पत्रकारलाई घरैमा बसेर समाचार तयार पार्न सक्ने गरी उपकरणजस्तो ल्यापटप, रेकर्डर, क्यामरा आदिको बन्दोबस्त गर्ने ।

१३. कार्यदल

यस अध्ययनका लागि मिति २०८२/०६/२४ गते बसेको काउन्सिलको बोर्ड बैठकको निर्णयअनुसार कार्यदल गठन गरिएको हो । बोर्ड सदस्य बालकृष्ण अधिकारीको संयोजकत्वमा गठन भएको कार्यदलमा निम्न सदस्य रहनुभएको थियो ।

क्र.सं.	नाम	पद/भूमिका
१.	श्री बालकृष्ण अधिकारी	बोर्ड सदस्य/ संयोजक
२.	श्री नकुल अर्याल	बोर्ड सदस्य/ सदस्य
३.	श्री लक्ष्मण कार्की	विज्ञ सदस्य
४.	श्री सबिता ढकाल	सदस्य सचिव

१४. सन्दर्भसूची

Reference: I

कानुनी तथा नीतिगत सन्दर्भसूची (Legal Reference)

- पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन, २०७६)
- बालमैत्री सञ्चार निर्देशिका, २०७३
- अपाङ्गतामैत्री सञ्चार निर्देशिका, २०७३
- महिला उत्तरदायी सञ्चार निर्देशिका, २०७६
- जेष्ठ नागरिकमैत्री सञ्चार निर्देशिका, २०७८
- पत्रकार आचारसंहिता उजुरी र कारवाही सम्बन्धी कार्यविधि, २०५९(तेस्रो संशोघन २०८१)

- अनलाइन सञ्चार माध्यम अभिलेख तथा सूचीकरणको मापदण्ड, २०७८ (चौथो संशोधन, २०८०)
- युट्युब व्यवस्थापन, सूचीकरण तथा अभिलेखीकरणसम्बन्धी कार्यविधि, २०८०
- प्रेस स्वतन्त्रता अनुगमनसम्बन्धी कार्यविधि, २०८०

Reference : II

सन्दर्भग्रन्थसूची

आचार्य भानुभक्त, नेपाली पत्रकारिता (२०७९) निमा प्रकाशन काठमाडौँ ।

देवकोटा गृष्मबहादुर, नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास, (२०७४) साझा प्रकाशन काठमाडौँ ।

पाठक एकराज, आमसञ्चार र पत्रकारिता (२०७६० पैरवी प्रकाशन, काठमाडौँ ।

बस्नेत श्रीरामसिंह, पत्रकारिताका आयाम (२०६४) पैरवी प्रकाशन, काठमाडौँ ।

कान्तिपुर द कान्तिपुर दैनिक (२०८२ भदौ २० देखि असोज ५ गतेसम्मका अङ्क)

गोरखापत्र दैनिक (२०८२ भदौ २० देखि असोज ५ गतेसम्मका अङ्क)

दी हिमालयन टाइम्स (अङ्ग्रेजी दैनिक) (२०८२ भदौ २० देखि असोज ५ गतेसम्मका अङ्क)

नयाँ पत्रिका दैनिक (२०८२ भदौ २० देखि असोज ५ गतेसम्मका अङ्क)

संहिता, (पुस २०८२) प्रेस काउन्सिल नेपाल, काठमाडौँ ।

www.cinkhabar.com/live.sajhakhabar

www.deshsanchar.com

www.onlinekhabar.com

www.radiokantipur.com/programs/theheadliners

www.ratopati.com

www.setopati.com

youtube.com/Nepal Television

youtube.com/Primetelevision HD

Reference : III

यो अनुगमनमा मूलतः यी सवाललाई आधार मानिएको छ ।

१) समाचार माध्यमले जेनजी आन्दोलनलाई सकारात्मक, नकारात्मक वा तटस्थ कुन कोणबाट प्रस्तुत गरेका छन् ?

२) जेनजीका कुन मुद्दा/विषयलाई सबैभन्दा बढी प्राथमिकता दिइएको छ ? (जस्तैः बेरोजगारी, समानता, भ्रष्टाचार)

३) मिडियाले जेनजीलाई सचेत र जिम्मेवार नागरिकका रूपमा देखाएको छ कि भावनात्मक र आवेगशील समूहका रूपमा मात्र ?

४) समाचार शीर्षकहरूमा जेनजी आन्दोलनलाई उत्तेजित र आक्रामक रूपमा फ्रेम गरिएको छ कि परिवर्तनकारी/सकारात्मक रूपमा ?

५) जेनजी आन्दोलनको समाचारमा युवाहरूको आवाज वा भनाइ कति मात्रामा समावेश गरिएको छ ?

६) जेनजी आन्दोलनको रिपोर्टिङमा आँकडा, तथ्य र अनुसन्धानको प्रयोग सन्तोषजनक छ ?

७) गलत सूचना, तस्बिर, भिडियोलगायत सामग्रीको प्रयोगको अवस्था के छ ?

८) समाचारमा त्रुटि देखिएमा, त्यसको सुधार, स्पष्टीकरण वा क्षमायाचनाको व्यवस्था गरिएको छ कि छैन ?

.....	.....	.....	.....
(सविता ढकाल)	**(लक्ष्मण कार्की)**	**(नकुल अर्याल)**	**(बालकृष्ण अधिकारी)**
उपप्रशासकीय अधिकृत	***विज्ञ***	***बोर्ड सदस्य***	***बोर्ड सदस्य***

कार्यदललाई यो जिम्मेवारी प्रदान गर्नुभएकोमा प्रेस काउन्सिल नेपालप्रति आभार व्यक्त गर्दछौं ।